म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २०४ बुधबार, २१ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 5 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेश अध्यक्षलगायत टिमलाई प्रेस सेन्टरको सम्मान

हेटौंडा, २० फागुन/प्रेस सेन्टर नेपाल मकवानपुरले मकवानपुरबाट प्रेस सेन्टर नेपाल बागमती प्रदेशको कार्यसमितिमा निर्वाचित प्रतिनिधिलाई सम्मानपत्रद्वारा सम्मानन गरेको छ । प्रेस सेन्टर नेपाल बागमती प्रदेशका अध्यक्ष ध्रुव अधिकारी, महिला सचिव भावना रिजाल, सदस्यहरु सरला अधिकारी, मीना श्रेष्ठ, रंजिता डंगोल, यादव चौलागाईं, रुपा गुरुङ र उमेश राईलाई सम्मानपत्रद्वारा सम्मानित गरिएको हो । प्रेस सेन्टर नेपाल मकवानपुरका अध्यक्ष एमपी शर्माको अध्यक्षता तथा नेकपा माओवादीका केन्द्रीय सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । केन्द्रीय सदस्य मोक्तानले प्रेस सेन्टरको मेहनतले नै सबैभन्दा पहिलो संगठन बन्न सफल भएको बताइन् । कार्यक्रममा नेकपा माओवादीका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, नेकपा माओवादी मकवानपुरका इन्चार्ज विजय गौतम, नेकपा माओवादी मकवानपुरका संयोजक भीम पाख्रिन, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान लगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडा सहरका परिकल्पनाकार डा.हेगनको सालिक अनावरण

साझाकुरा संवाददाता



हेटौंडा, २० फागुन/ हेटौंडा सहरका परिकल्पनाकार स्वीस नागरिक डा. टोनी हेगनको अर्धकदको सालिकको अनावरण गरिएको छ ।

हेगनकी छोरी डा. क्याट्रिन हेगन सहित हेटौंडा उपमहागनगरप्रमुख मीनाकुमारी लामा र पूर्वनगरप्रमुख हरिबहादुर महतले मंगलबार संयुक्तरुपमा हेटौंडा-१० टिसिएनमा निर्मित टोनी हेगन पार्कमा निर्माण गरिएको डा.टोनी हेगनको अर्धकदको सालिकको अनावरण गरेको हुन् । सालिक र पार्क निर्माण गर्न हेटौंडा उपमहानगरलगायत विभिन्न संघ संस्थाले सहयोग गर्दै आएका छन् ।

१ विगाहा ४ का साढे १७ धुर क्षेत्रफलमा पार्क निर्माण गरिएको छ । पार्क निर्माणमा हालसम्म २ करोड ९ लाख ८१ हजार रुपैयाँ खर्च भइसकेको छ । सालिकको अनावरण गर्दै हेगनकी छोरी डा. क्याट्रिनले हेटौंडा उपमहानगरपालिकालगायत हेटौंडावासीप्रति आभार प्रकट गरिन् । उनले आफ्नो बाबु नेपाललाई माया गर्ने विदेशी भएको र नेपाललाई विश्वमै चिनाउने एक सच्चा नागरिक भएको उल्लेख गरिन् । नेपालको ग्रामीण क्षेत्रका जनताको आर्थिक स्थितिमा विगतको भन्दा अहिले सुधार भएको उनले बताइन् ।

इन्द्र नेपालको सभाध्यक्षतामा भएको अनावरण कार्यक्रममा नगरप्रमुख लामाले डा. टोनी हेगनलाई पुस्तौंपुस्तासम्म चिनाउने उद्देश्यले उपमहानगर पालिकाले सहरको मध्यभागमा पार्क निर्माण गरेको बताइन् । पार्कको व्यवस्थापनमा उपमहानगर जिम्मेवार भएर लाग्ने उनले प्रतिबद्धता व्यक्त गरिन् । नगरप्रमुख लामाले अन्तर्राष्ट्रियजगतमै नेपाललाई चिनाउन आफूहरु लागिपरेको समेत उल्लेख गरिन् । कार्यक्रममा टोनी हागन फाउण्डेसनका अध्यक्ष प्रमोदकुमार झाले टोनी हेगनले नेपाललाई विश्वमा मात्र नभई नेपालीलाई नेपाल चिनाएको बताए । पूर्वमेयर हरिबहादुर महत, डा. कृष्णप्रसाद धिताललगायतले टोनी हेगन र हेटौंडाका बारेमा बोलेका थिए ।

पार्कमा फल्चा, ढुंगेधारा, अध्ययन केन्द्र, महिला एरोबिकस्थल, बालमैत्रीपार्क, जेष्ठनागरिकमैत्री स्थल, ब्याडमिन्टन कोर्ट निर्माण गरिँदैछ । ७० वर्षअघि नै हेटौंडा सुन्दर सहर बन्न सक्ने घोषणा गरेका स्वीस नागरिक डा. हेगनको स्मृतिमा हेटौंडा उपमहानगरपालिकाले टोनी हेगन पार्क निर्माण गर्न सहयोग गर्दै आएको हो । करिब डेढ बिघा जमिनमा पार्कको निर्माण कार्य गरिएको छ । सन् १९५० अक्टोबर २४ मा डा. हेगनसहित तीनजना भूगर्भविद् नेपालको भौगर्भिक नक्सा तयार गर्ने कामका लागि तत्कालीन राणा प्रधानमन्त्री मोहनशम्शेर राणाको पाहुनाको रुपमा नेपाल आएका थिए ।

त्यो विदेशी टोली रक्सौल नाका हुँदै वीरगन्ज, अमलेखगन्जसम्म सानो रेलमा आएका थिए । अमलेखगन्जबाट सानो जीपमा चुरियाको सुरुङ पार गरेका थिए । जब सुरुङको अर्को मुखबाट बाहिर आउँदा देखिएको राप्ती र कर्रा नदी आसपास विशाल रुपमा फैलिएर जमिन र सालको रुखहरु देखेपछि यो स्थान सुन्दर बन्ने कल्पना गरेका थिए । नेपालप्रेमी जसले नेपालको भौगर्भिक सर्वेक्षणको क्रममा ७५ जिल्लाको भ्रमण गर्दा करिब १४ हजार किलोमिटर दुरी पैदलयात्रा तय गर्ने कीर्तिमान कायम गरेका थिए ।

डा. हेगनले नै पहिलो पटक हिमाली अधिराज्य नेपाललाई विश्वसामु परिचय दिने काम गरेका थिए । सन् १९५० अक्टोबरमा हेटौंडाको अवस्थाका बारेमा डा. हेगनले लेखेका थिए 'चुरिया पहाडमुन्तिर बनेको सय मिटर लामो सुरुङ हुँदै जाने कच्ची सडकबाट फराकिलो दुन उपत्यकामा पुऱ्यायो । त्यस उपत्यकामा खासै बस्ती थिएन । भारतबाट काठमाडौं जाने मुख्य मार्गमा पर्ने हेटौंडा एउटा सानो बजार थियो । घनाजंगलले पूरै नढाकिए पनि यो क्षेत्र साँच्चै नै एउटा बृहत् प्रदेश थियो । सर्लक्क तन्किएका सालका मोटा वृक्षहरुले मेरो ध्यान तानिरहेको थियो ।'

डा. हेगनको यो भनाइ नै एउटा बृहत् प्रदेशमा एउटा सुन्दर मानवबस्ती बसाल्ने परिकल्पना बन्न पुग्यो । सन् २००३ अप्रिल १८ मा स्विट्जल्याण्डको लेन्जरहाइडमा उनको मृत्यु भएको थियो । उनको नेपालप्रतिको असिम माया र अगाध प्रेमका कारण मरणोपरान्त उनको 'अस्तु' खरानीलाई नेपालको तराई पहाड र हिमालका तीनै भूभागमा छर्किएको थियो । उनको त्यो अन्तिम इच्छा थियो । उनको इच्छाअनुसार नातिले हेलिकोप्टर चार्टर गरी अस्तु छर्किने काम गरेका थिए ।

उनी सन् १९१७ मा स्विट्जरल्यान्डको लुजर्न भन्ने ठाउँमा जन्मिएका थिए । डा. हगन १९५० मा पहिलो स्विस विकास सहयोग अभियान लिएर नेपाल आएका थिए । सन् १९५२ मा उनी नेपाल सरकारको मातहतमा र संयुक्त राष्ट्रसंघको तर्फबाट समेत नेपालसम्बन्धी खोज र अनुसन्धानमा व्यस्त रहे । टोनी हेगन नै नेपालको भौगोलिक खोज र अनुसन्धान गर्ने पहिलो विदेशी नागरिक हुन् ।

उनलाई नेपाल विशेषज्ञ भनेर पनि चिन्ने गरिन्छ । उनले नेपालको अधिकांश भूभागको पैदलयात्रा गरेर त्यहाँको भौगोलिक र सांस्कृतिक अवस्थाको बारेमा बृहत् खोज र अनुसन्धान गर्ने काम गरेका थिए । यही गहिरो खोजका आधारमा उनले नेपालको सांस्कृतिक विविधताको बारेमा मौन वृत्तचित्र 'फिल्म' बनाएका थिए । जसलाई पछि उनले आफ्नै आवाजमा अंग्रेजी भाषामा अनुवाद गरेका थिए । नेपाललाई धेरै नजिकबाट नियालेका हेगनले 'नेपाल' नामक पुस्तकसहित अरु थुप्रै पुस्तक लेखेका छन् ।

# पत्रकारिता क्षेत्र कमजोर हुँदा राज्यका प्रमुखनिकाय पनि कमजोर हुन्छन्




साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको आयोजनामा मंगलबार पत्रकारसँग अन्तरक्रिया सम्पन्न भएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यता एवम् पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा पत्रकार आबद्ध संगठनका अध्यक्षले पत्रकारिता क्षेत्रका चुनौतीबारे धारणा राखेका थिए । फोनीज बागमती प्रदेशका अध्यक्ष युवराज श्रेष्ठले राज्यको चौथो अंग पत्रकारलाई भनिएता पनि त्यो भने व्यवहारमा लागुहुन नसकेको बताएका छन् । पत्रकारिता क्षेत्र कमजोर हुँदा राज्यका प्रमुख निकायहरु कार्यपालिका, व्यवस्थापिक र न्यायपालिका कमजोर हुने उनको भनाई छ । राज्यको सम्रग विकासको नेतृत्व नै पत्रकारिताले गर्ने उनको धारणा छ ।

त्यसैगरी प्रेस सेन्टर बागमती प्रदेशका अध्यक्ष धुब्र अधिकारीले संघीयता आएपछि सञ्चारक्षेत्रमा झन् चुनौती थपिएको बताए । पत्रकारहरु पलायन हुने क्रम बढ्दै जानु दुःखद पक्ष भएको उनको भनाई छ । अध्यक्ष अधिकारीले संघ, प्रदेश र स्थानीय सरकारको आपस तालमेल नमिल्दा त्यसको प्रत्यक्ष पत्रकारलाई परेको जिकिर गरे । यस्तै प्रेस चौतारी नेपाल बागमती प्रदेशका अध्यक्ष तिलकराम रिमालले पत्रकार संगठन बलियो हुँदा पत्रकार महासंघ नै बलियो हुने भएकोले संगठनलाई गरिएको सहयोगलाई दुरुपयोगको रुपमा बुझ्न नहुने बताए ।

पत्रकारिताले देश विकासको इंगित गर्ने उनको भनाई छ । प्रदेशको उन्नतिको लागि सरकार र पत्रकारबीच सहकार्य जरुरी भएको उनको बुझाई छ । प्रेस युनियन प्रदेशका अध्यक्ष युवराज पुरीले सञ्चारसँग सम्बन्धी ऐनहरु बनाउँदा सञ्चार विज्ञसँग छलफल गर्नुपर्ने जोड दिए । त्यसरी ऐन बनाउँदा पत्रकारले पनि अपनत्व महसुस गर्ने उनको भनाई छ ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले पत्रकार महासंघ र संघसंगठनका लागि काम गर्नका लागि नियम कडा नबनाएको स्पष्ट पारे । सचिव दर्जीले आफूहरु महासंघसँग सहकार्य गर्न तयार रहेको बताए थिए ।

अन्तरक्रियाका प्रमुख अतिथि मुख्यमन्त्री लामाले पत्रकारितामा खोज र अनुसन्धानको ठुलो महत्व हुने बताए । उनले खोज र अनुसन्धानमूलक समाचारलाई पत्रकारले प्राथमिकता दिनुपर्ने बताए । अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री लामाले सत्यतथ्य सूचनामा आधारित भएको पत्रकारले कलम चलाउनु पर्ने जिकिर गरे । कसैप्रति पूर्वाग्रह राखेर समाचार लेख्दा त्यसले पत्रकारिता माथि नै विकृति ल्याउने उनको भनाई छ । मुख्यमन्त्री लामाले पत्रकारले स्वतन्त्रताको नाममा आफ्नो मूल्य मान्यतालाई पनि भुल्न नहुने बताए । वास्तविक विषयवस्तुलाई खोजी गरेर न्यायोचित ढंगले लेख्दा पेशाले पनि दिगोपना पाउने उनको भनाई छ ।

मुख्यमन्त्री लामाले अब पत्रकारले प्रविधिसँग नजिक रहेर काम गर्नुपर्ने उल्लेख गरे । आधुनिक प्रविधिलाई आत्मसात् गरेर अगाडि बढ्दा पत्रकारिता पेशाबाट नै पलायन हुने क्रमलाई केही हदसम्म रोक्न सकिने उनको धारणा थियो । प्रविधिमा आएको विकासले पत्रकारलाई चुनौती थपेको उनको भनाई छ । मुख्यमन्त्री लामाले पत्रकार र प्रदेश सरकारको सम्वन्ध सुमधुर हुनुपर्ने उल्लेख गरेका छन् । कुनैपनि काम नकारात्मक ढंगले भन्दा पनि सकारात्मक ढंगले गर्नुपर्नेमा उनको जोड थियो । पत्रकार महासंघ बागमती प्रदेशका नियमित कार्यसमितिको बैठक हेटौंडामा फागुन १९ र २० गते बसेको थियो ।

# राष्ट्रपति रनिङशिल्डको उपाधि हेटौंडा उपमहानगरको पोल्टामा



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ १५ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्डको उपाधि हेटौंडा उपमहानगरपालिकाको टिमले जितेको छ ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरको आयोजनामा आइतबारबाट सुरु भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि हेटौंडाले जितेको हो । हेटौंडाले १५ स्वर्ण, १० रजत र ९ कास्यपदक प्राप्त गरेको छ । यस्तै १३ स्वर्ण, ५ रजत र १० कास्यपदक प्राप्त गर्दै बकैया गाउँपालिका द्वितीय भएको छ भने तृतीय भएको थाहा नगर पालिकाले ११ स्वर्ण, ९ रजत र ६ कास्यपदक प्राप्त गरेको छ । बागमती गाउँपालिकाको टिमले ६ स्वर्ण, १७ रजत र १७ कास्यपदक प्राप्त गरेको छ ।

प्रतियेगितामा मकवानपुरको ९ वटा पालिकाबाट विभिन्न विधाका करिब ६ सय जना खेलाडीको सहभागिता रहेको थियो । राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताअन्तर्गत भलिबल, एथ्लेटिक्स, कराँते, तेक्वान्दो कवडीलगायतका खेलहरु सञ्चालन भएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई क्रमशः स्वर्ण, रजत र कास्यपदकसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तानको अध्यक्षतामा तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा मंगलबार पुरस्कार वितरण भएको हो । समापन समारोहमा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य संगीत श्रेष्ठ, जिल्ला खेलकुद कार्यालयप्रमुख माधव कोइराला, सदस्य मदन उप्रेती, बागमती गाउँपालिका, बकैया गाउँपालिका खेलकुद अध्यक्षलगायतको उपस्थिति रहेको थियो ।

# बिष्फोटक पदार्थ सहित एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ बिष्फोटकपदार्थसहित मकवानपुर प्रहरीले हेटौंडाबाट एक जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटेको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-३ बसामाडीबाट बिष्फोटक पदार्थसहित एक जनालाई पक्राउ गरेको हो ।

पूर्वपश्चिम खडकखण्ड अन्तर्गत चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ८ ख ४२१४ नम्बरको यात्रुबाहक बस चेकजाँच गर्ने क्रममा बिस्फोटकपदार्थसहित हेटौंडा-१९ बस्ने अमृत घलानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । घलानलाई बिस्फोटकपदार्थ सम्बन्धी कसुरमा जिल्ला अदालत मकवानपुर बाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी जनाएको छ ।

प्रहरीका अनुसार झोलामा लुकाएर ल्याएको अवस्थामा ९० प्रीमियर ३२ एम एम ( एक्सप्लोसिभस कल्लास) २ लेखिएको बिष्फोटकपदार्थ १ थान, नेगोजेल-९०१, क्याप सेन्सेटिभ इमुल्सिओन एक्स्पोल्सिभ नामक बिस्फोटकपदार्थ एक थान, सेतो गिलो बिष्फोटकपदार्थ थान २ थान, सुन्तला रंगको बिष्फोटकपदार्थ जस्तो देखिने गिलोपदार्थ ३ थान, कालो रंगको टेपले बेरी राखेको सेतो रंगको तार जोडेको विद्युतीय डेटोनेटर ६ थान, कालो टेपले बेरी रातो सेतो रंगको तार जोडेको विधुतीय डेटोनेटर २० थान गरी जम्मा ३३ थान र तार नजोडेको कालो टेपले बेरी राखेको डेटोनेटर १४ थान साथै डेक्कोड रंगको तार ३ फिट ६ ईन्चको १ थान, ३ फिट ८ ईन्चको १ थान गरी २ थान फेला परेको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सामाजिक संजालले ध्वस्त पार्दै पुस्तकालय

पछिल्लो सयम पठन संस्कृतिमा ब्यापक संकुचन आएको छ । सामाजिक संजालका कारण पठन संस्कृतिमा संकुचन आएपछि पुराना र महत्वपूर्ण पुस्तकालय जीर्ण बनेका छन् । जनमुखी सहकर्मी रुपचन्द्र विष्ट (रुदाने) को जन्मथलो थाहा नगरपालिकामा जनताले 'थाहा पाउन' भनेर खोलिएका वर्षौ पुराना पुस्तकालयलाई उदाहरणका रुपमा लिन सकिन्छ । थाहानगरभित्रक आधा दर्जन पुस्तकालय अलपत्रमात्र नभई जीर्ण भवन र पुस्तकमा धमिरा लाग्ने अवस्थामा गुज्रिइरहेका छन् । 'थाहा पाउने थलो' पुस्तकालयको व्यवस्थित सञ्चालनमा सम्बिन्धत निकायको चासो देखिँदैन । थाहा नगरसँग 'थाहा'को अर्थपूर्ण साइनो छ । यी अव्यवस्थित पुस्तकालयले त्यो थाहाको साइनो मेटाउने त होइन ? भन्ने चिन्ता यतिबेला थाहाका पुस्तकप्रेमीलाई परेको छ । मकवानपुरको उत्तरी ग्रामीणभेग थाहा नगरको शिखरकोटस्थित नवजागृत पुस्तकालय, थाहा-६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवनज्योति, ओखरबजारको सूर्योदयलगायत सामुदायिक पुस्तकालयका संरचना लथालिङ्ग रहेका छन् ।

अधिकांश पुस्तकालयको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब पनि छन् तर, धमिरा लागिसकेको । पुस्तकालयमा पाठक न व्यवस्थापन लथालिङ्ग रहेको स्थानीय पुस्तकप्रेमी गुनासो गर्छन् । पुस्तकालय अलपत्र हुँदा रुदानेको 'थाहा' अभियानलाई गिज्याइरहेको छ । वि.सं. २००९ सालमा भीमफेदीमा स्थापना गरिएको ज्योति पुस्तकालयको अवस्था पनि नाजुक छ । यो पुस्तकालय मकवानपुरको पहिलो हो । २०१८ सालतिर हेटौंडामा स्थापना गरिएको हाम्रो पुस्तकालय, २०२८ सालमा तत्कालीन हटिया गाविसमा स्थापना गरिएको धरणीधर पुस्तकालय, २०२५ सालमा नगरपालिकारोडमा स्थापना गरिएको मानस पुस्तकालय र २०३५ सालमा स्थापना गरिएको जनपुस्तकालय पनि उस्तै हालतमा छ । हेटौंडाको पुरानो पुष्पलाल पार्कमा रहेको पुस्तकालय भने सञ्चालनमा छ । रुदानेले खोलेका पुस्तकालयको संरक्षण र नियमित सञ्चालनको जिम्मा थाहा नगरपालिकाले लिनुपर्नेमा त्यसको ठीक उल्टो भएको स्थानीय गुनासो गर्छन् । 'थाहा' आन्दोलनकै क्रममा उनले सामुदायिक पुस्कालय खोले । थाहा आन्दोलनको जगमा उभिएको थाहा नगरको वर्षौ पुराना पुस्तकालय अलपत्र र दयनीय अवस्थामा गुज्रिएका छन् । जीर्ण पुस्तकालयका किताबमा लागेको धमिराले रुदानेको 'थाहा' आन्दोलनलाई गिज्याइरहेको छ । पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय ३ दशकदेखि बन्द छ । पुस्तक धमिराले खाइसकेको छ । यो पुस्तकालय भवन टेको लगाएर राखिएको छ । रुपचन्द्र विष्टको सक्रियतामा वि.सं. २०२२ सालमा पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय २०३५ सालसम्म आंशिक चलेको भएपनि २०४८ सालपश्चात् पूर्णरुपमा बन्द भयो ।

पुस्तकालयमा झन्डै पाँच हजार पुस्तक थिए । अहिले धुल्या लागेका केही पुस्तहरु मात्र छन् । बाहिरैबाट हेर्दा २०७२ सालको भुकम्पले चरचरी चर्काएको भवन ढल्ने अवस्थामा पुगेको छ भने पुस्तक सबै धमिराले खाएर धूलैधूलो भएका छन् । रुपचन्द्रले विभिन्न क्षेत्रबाट इतिहास, जीवनी, समाजशास्त्र, दर्शनलगायत किताब ल्याएर पुस्तकालयमा राखेका थिए । पाँच सयभन्दा बढी पुस्तकालयका सदस्य थिए । पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पढ्ने बानी बसालेको स्थानीयवासी बताउँछन् । शिखरकोटमा पनि रुपचन्द्रले नवजागृत पुस्तकालय २०२५ सालमा स्थापना गरेका थिए । थाहा नगरको ओखरबजारमा रहेको सूर्योदय पुस्तकालय बन्द छ । वि.सं. २०४८ सालमा स्थापना भएको पुस्तकालयको आफ्नै भवन छ । भवन भाडामा लगाइएको छ । पुस्तकालय सञ्चालनमा छैन । सरकारले पुस्तकालय दिवस मनाउने गरेपनि यसको प्रभावकारिता घटदो क्रममा रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २२ गते बिहीबार ६ मार्च २०२५ । सप्तमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२५, सूर्यास्त ६:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# ऊर्जा क्षेत्रको विकास नै समृद्ध नेपालको एकमात्र विकल्प



✍ दीपक खड्का

समृद्ध नेपाल सुखी नेपाली प्रधानमन्त्री केपी शर्मा ओलीले लिएको एकमात्र लक्ष्य हो । यो लक्ष्य पुरा गर्ने बाटोमा सरकारले काम गरिरहेको छ । नेपाललाई समृद्ध बनाउनका लागि हामीसँग धेरै सम्भावना र क्षेत्रहरू छन् । ती क्षेत्रहरू मध्ये सबैभन्दा सहज र सजिलै छोटो अवधिमा समृद्धि हासिल गर्ने भनेको ऊर्जाको विकासबाट नै हो । प्रकृतिले दिएको पानी र सौर्य ऊर्जालाई प्रयोग गरेर हामीले छिटै समृद्धि हासिल गर्न सक्छौं । समृद्धि हासिल गर्न सकिएमा सुखी नेपाली हुन कसैले रोक्न सक्दैन ।

करिब ७ महिना अघि जब म मन्त्रालयमा मन्त्रीको जिम्मेवारीमा आएँ मैले यही बाटो समाएर काम अघि बढाएको छु । यो अवधिमा मैले केही निश्चित योजनाहरूलाई केन्द्रमा राखेर काम पनि अघि बढाएको छु, जसको नतिजा भावी दिनमा यही पुस्ताले देख्न पाउने छ । आज म यो भन्दा फरक मात्र ऊर्जाबाट कसरी समृद्धि हासिल गर्न सक्छ भन्ने विषयमा मात्र चर्चा गर्दछु । हामीले पानीबाट ऊर्जा निकाल्न थालेको एक शताब्दी बितिसकेको छ तर हामी यसमा बिस्तारै प्रगति गर्दै आएका छौं । विगत १२८ वर्षको कुरा गर्दा त्यतिबेला प्रविधि पनि थिएन ऊर्जा उत्पादनका लागि समय व्यतीत भइरहेको थियो ।

जब हामीले यो क्षेत्रमा निजी क्षेत्रलाई प्रवेश गरायौं अनि बिस्तारै विकास र आकर्षण दुवै बढेको देखिन्छ । पछिल्लो आठ/दस वर्षभित्रै निजी क्षेत्रको सहभागितामा ३५ सय मेगावाट विद्युत् उत्पादन भएको छ । अहिले बनाउन सक्ने परियोजनाबारे अध्ययन भइसकेका छन्, पूर्वाधार तयार छन् । यी निर्माणाधिन आयोजनाहरूमा बाटोघाटो पुगिसकेको छ । अब चारदेखि पाँच वर्षमा ती आयोजना निर्माण भइसक्छन् । ठुला ठुला आयोजनालाई छ/सात वर्ष लाग्ला, अन्यथा चार वर्षभित्र आयोजना सम्पन्न हुने परिस्थिति देखिएको छ । यो हाम्रो समृद्धितिरको यात्रा हो । हिजो किन ढिलासुस्ती भयो भन्ने कुरा मन्त्रालयले पहिचान गर्न थालेको छ । हामीले यसका लागि ८१ बुँदे मार्गचित्र पनि सार्वजनिक गरेको छौं । जुन मार्गचित्रले सबै कुरा प्रस्ट नै भनेको छ ।

मार्गचित्रमा यसरी काम गर्न सकिन्छ भनेर मोडालिटी पनि तयार गरेका छौं । लगानीको पक्ष स्वपुँजी, जनतालाई सहभागी गराउने, निजी क्षेत्र र अन्तर्राष्ट्रिय जगतलाई पनि आह्वान गरेर यो क्षेत्रको विकास गर्न सकिन्छ भनेर हामीले त्यसमा प्रस्ट उल्लेख गरेका छौं । यो लक्ष्य प्राप्ति गर्दै गर्दा समृद्ध हुने बाटोतिर नेपाल अग्रसर हुने छ । अनि आफ्नो बजेट आफ्नै कमाइबाट बनाउने स्थितिमा नेपाल पुग्ने छ । यो अवस्थामा हामी समृद्ध नेपाली हुँदै सुखी नेपालीमा परिणत हुने छौं । हामीलाई पूर्ण रूपले आत्मनिर्भर हुन एक/दुई वर्ष समय लाग्न सक्छ । वर्षायाममा जति निर्यात गरेका छौं, सुक्खा मौसममा त्योभन्दा कम आयात गरेका छौं । यसले पनि केही सन्तुलन गरेको छ । दीर्घकालीन समाधान होस् भनेर हामी जलाशययुक्त आयोजना गइरहेका छौं । मन्त्रालयको प्राथमिकता पनि यसमा रहेको छ । त्यस्तै ऊर्जा सुरक्षालाई ध्यानमा राखेर पनि मन्त्रालयले काम गरिरहेको छ ।

### अब ढिलाइ हुँदैन

आयोजनामा हुने ढिलाइहरू अव सरकारले सहँदैन । प्राकृतिक प्रकोप मान्छेको नियन्त्रणबाहिरको कुरा हो, निजी क्षेत्र र सरकारको लगानी भएका दुवै आयोजनाको काममा कसैलाई पनि कुनै क्षमा हुने छैन । त्यो बाहेक विभिन्न निकायमा समन्वय गर्नुपर्ने झन्झटिलो प्रक्रियाले समय लिने कुरालाई हामीले बुझेर नै प्रभावकारी र चुस्त संयन्त्र निर्माणको कार्य अघि बढाएका छौं । यही एउटा कारण लागत बढेको भन्दै गुनासोलाई अव बाँकी राखिने छैन । स्रोत पूर्ण रूपले सुनिश्चित नभई काम गर्ने प्रवृत्तिले पनि लागत बढ्ने गरेको छ । अव यो प्रवृत्ति अन्त्य हुने छ । हिजोका दिनमा बाटोघाटो थिएन । भनेको समयमा पुग्न सकिँदैनथ्यो । यसरी लागत बढ्थ्यो । अहिले त्यस्तो अवस्था कहीँ कतै पनि छैन । दैवी प्रकोपबाहेकका अवस्थामा आयोजना स्थल जानका लागि कुनै अवरोध छैन यस कारण यसलाई देखाएर लागत अव बढ्दैन ।

मूल्यवृद्धिले हिजोको तुलनामा लागत बढ्ने त छँदै छ । अहिलेको सन्दर्भमा लागत कम गर्ने समय सीमाले नै हो । समयभित्र काम सम्पन्न गर्ने गरी सरकारको तयारी छ । निजी क्षेत्रलाई पनि त्यही रूपमा सहयोग गर्ने उद्देश्यका साथ काम गरिरहेका छौं । अव हामीले कामको 'मोडालिटी' मा केही परिवर्तन गर्नु पर्छ । हिजो हामीसँग कम विद्युत् थियो । बढी प्रयोग गर्नेसँग बढी लिन्थ्यौं । कम प्रयोग गर्नेसँग कम लिन्थ्यौं । अब विद्युत् बढी हुन्छ । जसले धेरै किन्छ, उसलाई त्यही अनुपातमा कम गर्ने शैली सरकारले अपनाउने छ । बढी खपत गर्नेलाई आकर्षित गर्नुपर्ने छ । ऊर्जा खपत हुने गरी इन्डक्सन चुलोलाई घर घरमा पुऱ्याउनु पर्छ । सरकारले बजेटको कार्यक्रम मार्फत केही योजना अघि सारेको छ भने केही मन्त्रालयगत रूपमा पनि अघि सारिएको छ ।

अव भारतवाट आउने एलपी ग्यास विस्थापित गर्ने हो । यसो गर्न सके आयात पनि घट्छ र आन्तरिक खपत पनि बढ्छ । यसले नेपालको पैसा नेपालमै पनि खर्च गराउँछ । अहिले हामी भारतसँग ग्याँस किन्न ठुलो रकम खर्च गरिरहेका छौं । यो रकम नेपालभित्रमात्र बस्ने हो भने हामीलाई धेरै फाइदा हुने छ । अब ठाउँ ठाउँमा चार्जिङ स्टेसनहरू राखिने छ । विद्युत् प्रयोग गरेर आन्तरिक खपत बढाइन्छ । त्यसका लागि आकर्षित गर्ने सरकारको नीति नै छ । के के गर्दा आन्तरिक उत्पादन खपत हुन्छ र प्रयोग गर्ने क्षमता बढ्छ, त्यसबारे तीव्र बहस भइरहेको छ । त्यसमा हामी लागिरहेका छौं । त्यसबारे गृहकार्य भइरहेको छ । यो सँगै रोजगारी पनि सोही स्तरमा वृद्धि हुँदै जाने छ । रोजगारीसँगै समृद्धि भएर ऊर्जा, पर्यटन, कृषि र शिक्षाको पनि विकास हुने छ । यिनीहरूकै वृद्धिबाट हामी सम्पन्न र समुन्नत हुन सक्छौं । हामीले समृद्धि समृद्धि भनिरहेका छौं ।

यही समृद्धि प्राप्त गर्नका लागि एक नम्बरमा ऊर्जा क्षेत्रलाई लिनु पर्छ । ऊर्जा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर स्थानीय तहमा पनि यस क्षेत्रको विकास गर्ने योजनाहरू स्थानीय सरकारहरूले अघि सार्नुपर्छ । सानो आकारका हाइड्रोपावरहरूको विकास, अनि अन्तर स्थानीय तह मिलेर साझा हाइड्रो पावर विकासको अवधारणालाई पनि अघि सार्न जरुरी छ ।

अधिकतम बेरोजगार हुनेहरूले पनि यस क्षेत्रमा रोजगारी प्राप्त गर्न सकिने विषयमा सुझाव दिई सहयोग गर्नु पर्छ । विदेशमा रहेका तमाम नेपाली दाजुभाइलाई पनि यसमा लगानी गर्न आग्रह गर्दछु । यसो हुन सक्यो भने मुलुकको बजेट पनि अर्को क्षेत्रले खोजिरहनु पर्दैन । आज ऊर्जा क्षेत्रको विकासबाटै मुलुकको समृद्धि हासिल हुन्छ । सबैलाई समयमै जोडिन आग्रह गर्न चाहन्छु । गरिब, विपन्न र पिछडा वर्गह जोसँग केही पनि छैनह उनीहरूलाई यो क्षेत्रमा सेयर सुनिश्चित गरेर सरकार अगाडि बढ्न चाहेको छ । त्यसमा सबैको साथ र सहयोगको खाँचो छ ।

### भारत भ्रमणले देखाएको आसा

माघको अन्तिम साता 'इन्डिया इनर्जी विक २०२५' मा भाग लिने अवसर मिल्यो । यो नेपालको ऊर्जा विकासका लागि निकै उपलब्धिमूलक रह्यो । ऊर्जा मन्त्रालय सम्हालेपछिको यो दोस्रो भारत भ्रमण थियो । नयाँ दिल्लीमा नेपाल-भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औं बैठक पनि सम्पन्न भयो । करिब दुई वर्षदेखि टुङ्गोमा पुऱ्याउन नसकिएका नेपाल-भारत अन्तर्देशीय प्रसारण लाइनका केही विषयमा उल्लेख्य उपलब्धिमूलक भएका छन् । भारत भ्रमणका क्रममा विद्युतमन्त्री मनोहरलाल खट्टर, जलशक्ति मन्त्री सिआर पाटिलसँगको भेट विशेष रह्यो । बैठकमा नेपाल-भारत मौजुदा विद्युत् प्रसारण लाइन, निर्माणाधीन तथा प्रस्तावित अन्तर्देशीय प्रसारण लाइन, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजना तथा सम्बद्ध प्रसारण लाइन आयोजना, अन्तर्देशीय विद्युत् आयात-निर्यातलगायतका विषयमा छलफल भई सहमति भएको छ ।

पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदीपसिंह पुरीसँग छुट्टाछुट्टै भेटवार्ता भयो उक्त भेटले नेपाल भारतका बिचमा ग्यासका विषयमा उल्लेख्य सहमति भएका छन् । सबैभन्दा ठुलो र लामो समयदेखि अल्झेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अगाडि बढाउने बारेमा सहमति अगाडि बढेको छ । यसलाई प्रधानमन्त्रीस्तरीय बैठकबाट अन्तिम टुङ्गो लगाउनेबारे महत्त्वपूर्ण छलफल भएको छ । नेपालसँग भएका ठुला आयोजना सम्पन्न गर्नेबारे छलफल भएको छ । यसले नेपालको ऊर्जा विकासमा एक नयाँ आसाको सिर्जना गरेको छ ।

### ऊर्जा विकास मार्गचित्रमा एक पाइला

नेपाल र भारतबिच अन्तर्देशीय प्रसारण लाइन निर्माणको मोडालिटीबारे दुई देशबिच सचिवस्तरका बैठकमा सहमति पनि भएको छ । ऊर्जा विकास मार्गचित्र-२०८१ ले राखेको २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न उक्त सहमति कोसेढुङ्गा साबित हुने छ । उक्त सहमति मुलुक र ऊर्जा क्षेत्रका लागि ठुलो उपलब्धि हो । हामीले १० वर्षभित्र भारतमा १० हजार र बङ्गलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने भनिरहेका छौं । त्यसका लागि आवश्यक पर्ने प्रसारण लाइन निर्माणका लागि महत्त्वपूर्ण सहमति भएको छ । सहमति भएको प्रसारण लाइन निर्माण हुँदा हामी भारत र बङ्गलादेशमा १७/१८ हजार मेगावाट विद्युत् निर्यात गर्न सक्छौं ।

बङ्गलादेशका ऊर्जा मन्त्रीसँग पनि महत्त्वपूर्ण भेटघाट र छलफल भयो । हामीले जुन उद्देश्यका साथ बङ्गलादेशसँग पनि विद्युत् व्यापार गरेका हौं, त्यसलाई अगाडि बढाउने सङ्केत मिलेको छ । चाँडै नै यसले पनि मूर्त रूप लिन्छ । नेपालले भारतको सहयोग लिएर काम गर्नुपर्ने भएकाले बङ्गलादेशतर्फ पनि प्रसारण लाइन बनाउने विषयमा छलफल अगाडि बढेको छ । टनकपुरदेखि नेपाल-भारत सिमानासम्मको लिङ्क नहर निर्माण सम्पन्न भइसकेको छ तर यसका लागि सञ्चालन कार्यविधि प्रक्रियालाई चाँडै अन्तिम रूप दिई महाकाली सन्धि अनुसार पानी छाड्ने सहमति भएको छ । दुई देशबिचको बाढी र डुबान व्यवस्थापन गर्न संयुक्त समितिको बैठक आगामी मार्च २२ देखि २४ सम्म गर्ने छलफल भएको छ ।

हाल सञ्चालनमा रहेको पहिलो अन्तर्देशीय ढल्केबर-मुजफ्फरपुर चार सय किलोभोल्ट प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यातको परिमाण आठ सय मेगावाटबाट एक हजार मेगावाट पुऱ्याउने विषय अगाडि बढ्ने भएको छ । यस्तै चमेलिया (नेपाल) जौलिजीवी (भारत) बिचको २२० किलोभोल्ट डबल सर्किट प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन मार्च २०२५ सम्म तयार गर्ने र नेपाल खण्डको प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण तथा भारत खण्डको प्रसारण लाइन पावर ग्रिडले डिसेम्बर, २०२७ सम्म निर्माण सम्पन्न गर्ने भएको छ ।

नेपाल र भारतबिच इनरुवा-न्युपूर्णिया र दोदोधरा बरेलीबिचको चार सय किलोभोल्ट क्षमताका अन्तर्देशीय प्रसारण लाइनको निर्माण संयुक्त उपक्रममार्फत क्रमश: सन् २०२८/२९ र २०२९/३० सम्ममा सम्पन्न गर्ने लक्ष्य छ । यसका लागि नेपालतर्फको प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत र भारतको पावर ग्रिडको ४९ प्रतिशत तथा भारततर्फको प्रसारण लाइनका लागि ५१ प्रतिशत पावर ग्रिड र ४९ प्रतिशत विद्युत् प्राधिकरणको स्वपुँजी रहने गरी संयुक्त उपक्रमको मोडालिटीमा गर्ने सहमति भयो । संयुक्त उपक्रम कम्पनी स्थापनासम्बन्धी कार्य एक महिनाभित्र थालनी गर्नेसमेत सहमति भयो । सन् २०३४-३५ सम्मका लागि नेपालबाट थप विद्युत् भारत निर्यात गर्न तल उल्लिखित अन्तर्देशीय प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण तथा विस्तार गरिने भएको छ ।

### हाम्रो बजार भारत र बङ्गलादेश नै हो

हाम्रो ठुलो बजार भनेको भारत र बङ्गलादेश हो । चीनतर्फ निर्यात भइहाल्ने अवस्था छैन । त्यहाँ पनि ट्रान्समिसन लाइन बनाएर भोलिका दिनमा केही निर्यात गर्न सकिन्छ कि भन्ने त छ । भारतकै सहयोगमा बङ्गलादेशमा बिक्री गर्न सकिन्छ । हाम्रो मुख्य ध्यान भनेको त्यहाँको लगानी तथा बिक्री र कहिले कहिले आवश्यकता पर्दा आयात गर्ने भन्ने नै हो । यही सम्बन्ध विस्तार गर्ने, मजबुत बनाउने र लगानी आकर्षित गर्ने हो । सरकार एक्लैले गर्न सक्ने परिस्थिति छैन । हामीले निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्नु पर्छ । निजी क्षेत्रका पनि आफ्नै सम्बन्ध छन् भारतमा । त्यसमार्फत पनि भारतको सहयोग लिन सक्छौं ।

यो क्षेत्रमा हामीले विकास गर्दै गर्दा २८ हजार पाँच सय मेगावाट अबको १० वर्षमा पुऱ्याउँछौं भनेका छौं । झन्डै २५ हजार मेगावाट अबको १० वर्षमा निर्माण गर्ने भन्ने हो । त्यसका लागि ६२ खर्ब जतिको लगानी हुने छ । लगानी भइरहँदा स्रोत परिचालन र देशमा आम्दानी हुँदै गर्दा विपन्न वर्गको सहभागिता कसरी हुने भन्ने विषयलाई हामीले प्रमुख एजेन्डा बनाएका छौं । मन्त्रालयले अहिले निर्णय नै गरेको छ । विपन्न वर्गलाई न्यून ब्याजदरमा दुई लाखदेखि पाँच लाख रुपियाँसम्मको सेयर सुनिश्चित गराउने भन्ने छ । यो 'मोडालिटी' मा काम गर्न सक्नु पर्छ । यसो गर्दा सबै मन्त्रालयबाट समृद्धिका लागि काम गर्नुपर्ने प्रधानमन्त्रीको निर्देशनबमोजिम ऊर्जा मन्त्रालयले पनि त्यसै अनुसार काम गरिरहेको छ । दुईदेखि पाँच लाख रुपियाँको सेयर प्रतिघर धुरीलाई दिलाउन सकेपछि २० प्रतिशत जो विपन्न परिवार हुनुहुन्छ तथ्याङ्कमा, उहाँहरूलाई सेयर दिलाइसकेपछि पाँच वर्षभित्र विपन्नको संख्या नेपालबाट हट्छ । अनि हाम्रो यात्रा समृद्धितर्फको हुने छ । हामी त्यसतर्फ अग्रसर छौं । सरकारबाटै सुरु गर्छौं । निजी क्षेत्रले गर्ने जति पनि आयोजना छन्, तिनमा पनि नेपालको वित्तीय क्षेत्रका संस्थालाई बोलाएर एकै ठाउँमा राखी यो मोडालिटीमा काम गर्न सकिन्छ । निजी क्षेत्रले गर्ने आयोजनामा पनि कम्तीमा २० प्रतिशत त्यो वर्गलाई छुट्याएर लगानी गर्न सकियो भने मुलुक समृद्ध बनाउन समय लाग्ने छैन ।

### प्राधिकरणको पुनर्संरचना जरूरी

ऊर्जा विकास समृद्धिको एकमात्र विकल्प हो । तर अहिलेको प्राधिकरण र त्यसको नेतृत्वबाट यो सम्भव देखिएको छैन । विद्युत् प्राधिकरणमा धेरै समस्या नै देखिन्छ । हाम्रो ऊर्जाको सबैभन्दा ठुलो निकाय भनेको विद्युत् प्राधिकरण मात्रै हो । प्राधिकरणले उत्पादन, वितरण र बिक्री पनि गर्छ । सबै काम एउटै युनिटले गर्दा पनि समस्या देखिएको होला । लगानीका दृष्टिकोणले पनि खर्बौं लगानी गर्ने निजी क्षेत्रले छोटो अवधिमा २७/२८ सय मेगावाट विद्युत् उत्पादन गर्न सक्ने छ । हामी सरकारको सारा संरचना लगाएको क्षेत्र जम्मा साढे सात सय मेगावाटमा रमाउनुपर्ने यो स्थितिको समस्या के हो ? यसको जरैबाट हेरेर आमूल परिवर्तन गर्दै छौं । उत्पादन, वितरण र बिक्री तीन वटा पक्षलाई अलग गरेर गर्नु पर्छ कि भनेर मन्त्रालयले गृहकार्य गरिरहेको छ । हिजो के केमा कमी कमजोरी भए ? कहाँनिर समस्या भयो ? समस्याको जड के हो ? यसलाई पत्ता लगाएर आमूल परिवर्तन गरी अगाडि बढ्ने लक्ष्यका साथ मन्त्रालयले गृहकार्य अगाडि बढाइरहेको छ ।

निजी क्षेत्रले गर्ने आयोजनामा पनि कम्तीमा २० प्रतिशत विपन्नलाई छुट्याएर लगानी गर्न सकियो भने मुलुक समृद्ध बनाउन धेरै समय लाग्ने छैन । हिजो बङ्गलादेशमा विद्युत् बिक्री गर्ने भनेको २०/२५ वर्ष भएछ । कुरा हुने काम नहुने, केही धिमे गतिमा हुने कामलाई तीव्र गतिमा अगाडि बढाउनुपर्ने आवश्यकता छ । हिजो हुँदै भएको थिएन, म आएर आमूल परिवर्तन गरें भन्ने पक्षमा म छैन । हिजो पनि केही भएको थियो । त्यसको जगमा बसेर ढिलासुस्ती हटाई अगाडि बढ्नुपऱ्यो भन्ने हो ।

*(साभार: रातोपाटी)*

# धार्मिक पर्यटकीय गन्तव्यस्थल गजेन्द्रमोक्ष दिव्य धाम

✍ भूमिका गैरे तिमिल्सिना

त्रिकूट पर्वतको फेदी श्रीकृष्णगण्डकी (नारायणी) नदीको तटवर्ती सुन्दर वन देव, गन्धर्व, यक्ष-किन्नर सिद्ध गण तथा असंख्य ऋषि-महर्षिगणद्वारा सेवित थियो । मयुर कोकिलादी पक्षीहरुको ध्वनिद्वारा गुञ्जायमान यस सुन्दर वनमा मृग, बँदेल, जरायो, गैंडा, वनगाई, दुम्सी, सिंह, बाघ, बाँदर आदि धेरै किसिमका जनावरहरु निवास गर्थे । त्रिवेणीधाम नारायणी, तमसा र सोनभद्रा गरी तीन नदीको संगम हो । नवलपरासीको विनयी त्रिवेणी गाउँपालिका वार्ड नं. ६ मा अवस्थित छ । परापूर्वकालमा गजेन्द्र नाम गरेको हात्ती नै त्यहाँको राजा थियो । गजेन्द्रदेखि वनका साना-ठूला सबै जनावरहरू डराउँथे । एकदिन गजेन्द्र हात्ती झुन्डका साथ गण्डकी नदीमा जल विहारका लागि आउँदा बलवान् गोहीले हात्तीका खुट्टा बेस्सरी समात्यो । वनको राजा र जलको राजाबीच लामो समयसम्म भयङ्कर लडाइँ चल्यो । गजेन्द्र आफू असफल भएको देखी पूर्वजन्ममा गरेको भागवत भक्तिको स्मृतिद्वारा भगवान् नारायणलाई आह्वान गर्छन् । उनको दिव्य स्तुति सुनेर ब्रह्मा आदि सबै देवी-देवता आ-आफ्ना नामको अपेक्षा गरिरहे । गोहीले जलभित्र तान्दै जाँदा सुँड मात्र शेष बचेपछि भक्तवत्सल भगवान् नारायण अत्यन्त शीघ्र गरुडारूढ भई आएको देखेर गनेन्द्र श्लोकद्वारा स्वागत गर्दछन् । भगवान् श्रीहरिले आफ्ना सुदर्शन चक्रद्वारा तत्काल ग्राह (गोही) को शिर छेदन गरी गजेन्द्रलाई उद्धार गर्नुभएको कुरा श्रीमदभागवत महापुराण, वराहपुराणादिमा वर्णन गरेको पाइन्छ ।

गजेन्द्र पूर्वजन्ममा पाण्डयवंशी इन्द्रद्युम्न नाम गरेका राजा थिए । अगस्त्य ऋषिका श्रापका कारणले हात्ती हुन पुगेका थिए भने ग्राह हुहु नाम गरेका गन्धर्व थिए । उनी पनि देवल ऋषिका श्रापका कारण गोही बन्न पुगेका थिए । दुवै ऋषिले हात्ती र गोही भए तापनि भगवान् श्रीहरिबाट हात्ती र गोहीको शरीर त्यागी मोक्ष गतिलाई प्राप्त गर्नेछौ भन्ने ऋषिले आशीर्वाद दिनुभएको थियो । भगवान्ले गजेन्द्रसहित ग्राहलाई पनि जन्म-मरणको चक्रबाट सदाका लागि मोक्ष प्रदान गर्नुभएकाले यस धामको नाम श्रीगजेन्द्रमोक्ष दिव्य धाम रहन गएको हो ।

वि.सं. २०७५ फागुन १९ गते नेपाल तथा भारतका सन्त-महन्त धर्माचार्य एवं गुरुवर्गहरुका साथ ५५५ जना संस्थापक सदस्यहरूद्वारा यस मन्दिरको सामूहिकरुपमा समुद्घाटन भई सप्तदिवसीय प्राण-प्रतिष्ठा महा-महोत्सव गरी श्रीगजेन्द्र मोक्ष नारायण भगवान्को विशाल दिव्य श्रीविग्रह प्रतिष्ठित गरिएको थियो । मन्दिरको बाहिरी बनावट नेपाली प्यागोडा शैली र भित्री बनावट हेर्दा दक्षिण भारतीय शैली झल्किन्छ । शङ्ख, चक्र, तिलक श्री, पुष्प, गौ, हस्ती, अश्वादि मांगलिक चित्राङ्कन गरिएको मन्दिरमा कुल ३१ ढोका, ९६ झ्याल एवं ५ सयभन्दा बढी मूर्तिहरु निर्मित छन् ।

वि.सं. २०४८ माघ अमावश्यादेखि श्रद्धेय श्रीस्वामीज्यू महाराजले १२ वर्षका लागि नित्य हवन गर्ने सङ्कल्प लिइबक्सेको थियो । ती सङ्कल्पित १२ वर्षमध्येका १५ सय ५५ दिनसम्म यसै हवनकुण्डमा अखण्ड अग्नि प्रज्वलित राखी हवन गरिएको थियो र १२ वर्ष पूरा भएपछिको महापूर्णाहुति पनि हवनकुण्डमा सम्पादन भएको थियो । यसै यज्ञशालामा यज्ञ पूजापाठ गराउँदा भक्तजनहरुको इच्छा सिद्ध हुने जनविश्वास रही आएको छ । अष्टकोणात्मक प्यागोडा शैलीमा बनेको शीशमहल धाममा आउने हरेक दर्शनार्थीहरुका लागि नयाँ अनुभवको आभास हुन्छ । शीशमहल भित्र राधाकृष्ण भगवान्को दिव्य दर्शन हुन्छ । मुख्य विग्रह शीशमहलको बीचमा रहेकाले दर्शकहरु परिक्रमा गर्दा प्रतिविम्ब देखिन्छ । वि.सं. २०६२ कार्तिक २२ गतेदेखि २८ गतेसम्म भारतका विभिन्न ३ सय ३२ स्थानहरुमा एकै तिथि, मिति र मुहूर्तमा प्रारम्भ भई एकैसाथ सम्पादित श्री विश्वशान्ति मुक्तिनाथ १०८ विराट महायज्ञको त्रिदिवसीय पूर्णाहुति एवं फूलपाती विसर्जन कार्यक्रम देवभूमि हरिद्वारमा मंसिर २ गतेदेखि ४ गतेसम्म सञ्चालित थियो । साथै सवा लाख गाईको दूधद्वारा १ हजार ८ शालग्राम भगवान्सहित भागिरथी गंगामा महा अभिषेक गरी सवा करोड दीप प्रज्वलन कार्यक्रम सम्पादन भएको थियो । सो अवसरमा निर्मित श्रद्धेय श्री मुक्तिनाथ बाबाज्यूको उचाइ बराबरको अष्टधातुको कलश याज्ञावधिभर विधिवत् पूजन गरेर नेपाल र भारतका प्राय: सबै तीर्थस्थलको परिक्रमा गराई पवित्र नदी, ताल एवं सरोवरहरूको जल भरी त्रिवेणीमा ल्याइएको थियो । सो कलश अहिले शीशमहलको दोस्रो तलामा स्थापना गरिएको छ ।

क्रमश: पृष्ठ-३....

# किन फुटिरहन्छ मेलम्चीको पाइप ?



काठमाडौं/संघीय राजधानी काठमाडौंका सडकमा खाल्डाखुल्डी पर्नु त सामान्य नै भइसक्यो । अब त मध्यहिउँदमा पनि बाढी आउने डर भयो । काठमाडौं उपत्यकाको कुन सडक कति बेला भासिन्छ, कति बेला पानीको भेल बग्छ भनेर अनुमान गर्नै नसकिने अवस्था छ । यसको कारण हो, महिनैपिच्छे भइरहने खानेपानी पाइप 'ब्लास्ट' ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले उपत्यकाका अधिकांश क्षेत्रमा खानेपानी वितरण गर्दै आएको छ । मेलम्ची आयोजना सञ्चालन भइसकेपछि केयूकेएलले नयाँ र पुरानो प्रणालीबाट पानी वितरण गर्दै आएको छ । तर, काठमाडौंवासीको खानेपानी सहजताका लागि ल्याइएको मेलम्ची पानी वितरण प्रणाली र सरकारका अन्तर निकायबीच समन्वय अभावले खतरा बन्दै गएको छ ।

त्यही खतराको रूप आज बिहान थापाथलीमा देखियो । २७ इन्चको 'वासआउट' पाइप ब्लास्ट (फुट्दा) हुँदा थापाथलीको अस्पताल क्षेत्र जलमग्न बन्यो भने, सडक बिग्रियो । जहाँबाट ५ लाख लिटरभन्दा धेरै पानी खेर गयो । केयूकेएलका प्राविधिक कर्मचारीले तत्काल गेट भल्भ बन्द गर्न सफल हुँदा धेरै क्षति हुन भने पाएन । काठमाडौं महानगर प्रहरी, नेपाल प्रहरी सहित टोलीले सक्रियता देखाए, ठूलो दुर्घटना हुन पाएन ।

**फेरि प्राधिकरणकै गल्ती**

मेलम्ची सहित खानेपानी वितरण जिम्मा पाएको केयूकेएलको आयोजना कार्यान्वयन निर्देशनालयका अनुसार नेपाल विद्युत् प्राधिकरणबाट विद्युत् लाइन भूमिगत गर्नका लागि सडक खनेर पाइप बिछ्याउँदा सावधानी नअपनाएका कारण भएको प्रारम्भिक अध्ययनबाट देखिएको हो । निर्देशनालयका उपनिर्देशक चन्द्रकुमार पाँ श्रेष्ठका अनुसार विद्युत् लाइन भूमिगत गर्न पाइप बिछ्याउँदा मेलम्ची पाइपको तलमाथि र दायाँबायाँ कम्तीमा एक मिटरको दुरी राख्नुपर्ने विगतको समझदारी विपरीत प्राधिकरणले सडक खनेर मेलम्चीको पाइपमाथि नै विद्युत् पाइप राखेको पाइएको हो । सोही क्रममा मेलम्चीको पाइपमा चोट लागेको स्थलगत अध्ययनबाट देखिएको उनको दाबी छ ।

'एकदिन अघि बानेश्वर क्षेत्रमा पाइपलाइन मर्मतका लागि माइतीघरस्थित भल्भ बन्द गरिएको र ललितपुरको ज्वागलमा रहेको एयर भल्भ पनि बन्द रहेकै अवस्थामा एकान्तकुनाबाट माइतीघरतर्फ पानी आउँदा चाप बढ्न गई चोट लागेको ठाउँमै मेलम्चीको पाइप फुटेको पाइएको छ,' श्रेष्ठले जारी गरेको विज्ञप्तिमा छ । तर यो घटना नयाँ होइन, ३० माघमा पनि बबरमहलमा दिउँसै भेलबाढी आयो, कारण थियो- केयूकेएलकै पाइप फुट्नु । मेलम्ची खानेपानी आयोजनाको ३० लाख लिटर पानीको पाइप अर्को सरकारी निकाय विद्युत् प्राधिकरणले लापरबाहीपूर्ण ढंगले फुटाइदिएपछि बबरमहलको सडक, सरकारी कार्यालय र निजी घरहरू जलमग्न भएका थिए । तीनकुने माइतीघर ८ लेन सडकमुनिको पाइप प्राधिकरणले फुटाइदिएको थियो ।

प्राधिकरणले बिजुलीको तार भूमिगत गर्ने परियोजना अन्तर्गत बबरमहलको चिल्लो सडक खनेको थियो । त्यही बेला ड्रिलरले पाइप फुटाउँदा बबरमहल क्षेत्र दिनभरि अस्तव्यस्त बनेको थियो । उक्त सडक खण्ड हालसम्म पनि पूर्णरूपमा सञ्चालनमा आइसकेको छैन ।

**"ब्लास्ट भइरहन्छ पाइप"**

काठमाडौंमा मेलम्ची पाइप फुटेर दुर्घटना हुने घटना नयाँ भने होइन । २६ मंसिर २०७९ मा लैनचौरमा मेलम्ची खानेपानी आयोजनाको पाइप फुट्दा सडक जलमग्न भयो । खानी तथा भूगर्भ विभागको कार्यालय बाहिर मूल सडकमुनि बिछ्याइएको मेलम्ची आयोजनाको पाइप फुट्दा सडक भत्किनुका साथै भल बग्यो । जसले गर्दा सवारी चालक र सर्वसाधारण समस्यामा परेका थिए । पाइप फुटेर ठूलो पानी सडकमा निस्किएको हो ।

यस्तै १९ असार २०८१ मा सोह्रखुट्टे-बालाजु सडक खण्डमा करिब ११ फिट गहिरो खाल्डो परेको थियो । बिहान करिब ६ बजे काठमाडौं महानगरपालिका-१६ नयाँबजारस्थित कुमारी टोलको गेट अगाडि परेको खाल्डोमा पठाओ चालक विकास शाक्य सहित उनको बा. ५० प ३८२ नम्बरको मोटरसाइकल खसेको थियो । मोटरसाइकललाई काठमाडौं महानगरपालिकाका नगर प्रहरी र बारुण यन्त्रको टोलीले क्रेनले तानेर बाहिर निकालेको थियो । सडकमुनि रहेको मेलम्ची खानेपानी आयोजनाको पाइप फुटेर करिब ११ फिटको खाल्डो परेको थियो । मेलम्चीको ४२ इन्चको पाइप फुटेर सडकमा क्षति पुगेको थियो । पानीको फोर्सले पक्की सडक पनि भत्काएपछि आहाल नै बनेको थियो ।

**बारम्बर पाइट फुट्नुको कारण के हो ?**

काठमाडौंमा पाइप फुटिरहनुको कारणमध्ये प्रमुख हो- अन्तर निकाय समन्वयविना विकासको काम गर्नु । विद्युत् प्राधिकरणले धमाधम तार भूमिगत गरिरहेको छ, तर तार भूमिगत गर्दा प्राधिकरणले हाल्नुपर्ने पाइप, खानेपानीकै पाइप नजिक हुनु र ड्रिल गर्दा खानेपानीको पाइपमा चोट लाग्नु हो । 'खोनपानीको पाइपमा सानो चोट लाग्दा तत्काल लिकेज हुँदैन, बिस्तारै खिया लाग्दै जान्छ र त्यही ठाउँ विक प्वाइन्ट (कमजोर बिन्दु) बन्छ, जब पानीको प्रेसर हुन्छ । त्यही बेला ब्लास्ट हुन्छ,' केयूकेएलका प्रवक्ता प्रकाशकुमार राई भन्छन् ।

उनले पानी प्रेसरमा जाँदा कमजोर भागहरू फुट्ने गरेको बताए । 'हाम्रो पाइपमा समस्या होइन, तर विभिन्न निकायले हाम्रो पाइप भएको स्थानमा काम गर्दा भएका लापरबाहीले पाइपमा असर परेको हुन्छ । त्यसले गर्दा पाइप फुटिरहेको हो,' उनी भन्छन् । केयूकेएलका एक इन्जिनियरका अनुसार काठमाडौं उपत्यकामा सडकमा राखिएका पाइप नै खतरा बन्दै गएको छ । उपत्यकाका टोखा र तारकेश्वर क्षेत्रमा उकालो छ । सुन्दरीजलबाट पानी ओरालो लागेपछि ललितपुरको पाटन क्षेत्रमा उकालो छ । बीचको मुख्य भाग बबरमहल, थापाथली सहित नदी करिडोर आसपास पाइपमा स्वाभाविक रूपमा धेरै प्रेसर हुन्छ । त्यसो हुँदा जहाँ कमजोर भाग छ, त्यहीँ फुटछ् र फुट्दा ब्लास्ट हुन्छ । अहिले भइरहेकै त्यही हो ।

उनले वितरण प्रणाली पनि नयाँ र पुरानो हुँदा कतै-कतै पाइपमा पनि समस्या हुन सक्ने बताए । 'वाह्य असरविना पाइपमै समस्या भएर ठूलो घटना भएको त थाहा छैन तर वितरण प्रणाली वैज्ञानिक हुन नसकेको सत्य हो । नयाँ वितरण प्रणालीमा चुहावट हुँदा कतिपय स्थानमा पुरानै वितरण प्रणालीबाट पनि पानी पठाउने गरिएको छ,' उनले भने । ती इन्जिनियरका अनुसार पानी छाड्ने समयका कारण बिहान-बेलुका प्रणालीका पाइपमा अत्यधिक चाप हुने गरेको छ ।

'काठमाडौंमा चौबिसै घण्टा पानी छाड्न सक्ने अवस्था त छैन, जुन बेला छाडिन्छ त्यो बेला चाप धेरै हुन्छ । अनि, जहाँ कमजोर छ, त्यो त फुट्ने नै भइहाल्यो,' उनले भने ।

**"पाइप गुणस्तरीय छ, तर विक प्वाइन्टमा ब्लास्ट खतरा"**

केयूकेएल प्रवक्ता राइले भने पाइपको गुणस्तरमा भने कन्जुस्याँइ नगरेको दाबी गरे । 'हामीले खरिद गरेको पाइपको गुणस्तर परीक्षण पनि गरेका हुन्छौं । प्राविधिक परीक्षण पनि हुन्छ । यसमा कमजोरी भएको होइन,' उनले भने, 'पाइप कमजोर भएर फुटेको छैन । वितरण प्रणाली जुन भए पनि पाइपका कारणले क्षति भएको देखिँदैन ।' राईले पाइपमा क्षति पुगेर असर भएको ठाउँ कमजोर हुने भएकाले पानी प्रेसरमा गएका बेला ब्लास्ट भइरहने खतरा भने धेरै ठाउँमा देखिएको बताए । 'कहाँ-कहाँ पाइपमा क्षति पुगेको हुन्छ थाहा हुँदैन, तर विक प्वाइन्टमा प्रेसरका बेला ब्लास्ट हुने खतरा चाहिँ देखिएको छ,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# कृषाले 'पिताम्बर'को प्रिक्वेल बनाउने, एक घण्टाको फुटेज तयार



काठमाडौं/कुनै पनि फिल्म सफल भएपछि त्यसको सिक्वेल वा सिरिज बनाउने विश्वव्यापी 'ट्रेन्ड' छ । तर, प्रिक्वेल (पहिलो भाग) निर्माण भएका फिल्म भने उति धेरै छैनन् । नेपालमा पनि प्रिक्वेल फिल्म बनेका छैनन् । आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पिताम्बर'को भने प्रिक्वेल बनाउने योजनामा निर्देशक कृषा चौलागाईं छिन् । त्यसका लागि आधाउधी छायांकन पनि भैसकेको छ ।

मंगलबार संचारकर्मीसँगको कुराकानीमा निर्देशक चौलागाईंले 'पिताम्बर'को प्रिक्वेल बन्ने जानकारी दिँदै भनिन्, 'धेरैजसो फिल्मको सिक्वेल बन्छ । 'पिताम्बर'को चाहिँ प्रिक्वेल आउँछ । हामीले थुप्रै सिनहरू खिचिसकेका छौं । एक घण्टाको फुटेज तयार भइसकेको छ । अब 'कन्क्लुजन' (निष्कर्ष)का लागि एक घण्टा जति खिच्न बाँकी छ । यसैले 'पिताम्बर' दर्शकका लागि पनि रोचक हुनसक्छ ।'

'पिताम्बर' उनको दोस्रो निर्देशकीय फिल्म हो । यसअघि उनले 'ऐंचो पैंचो'को निर्देशन गरेकी थिइन् । निर्देशनमा आउनुअघि उनले फिल्म निर्माण गर्दै आइरहेकी थिइन् । उनले 'कसम हजुरको', 'इन्साफ', 'पलाँस' जस्ता फिल्म निर्माण गरेकी छिन् । फिल्म निर्माण गर्दा उनको निर्देशकसँग भने वैचारिक मतभेद भइरहन्थ्यो । यसपछि आफ्नो कथा आफैं भन्न निर्देशनमा आएको उनी बताउँछिन् । कृषा भन्छिन्, 'निर्माताको रूपमा मेरो अनुभव धेरै लामो समयदेखिको हो । मैले यो चिज भन्न खोजेको हुँ भन्ने भएपछि निर्देशकसँग वैचारिक मतभेद हुँदो रहेछ । त्यसपछि न निर्देशकले सोचेको कुरा पूर्ण रुपमा आउँछ न त मैले सोचेको आउँछ । त्यसपछि लाग्यो कि मेरो कथा म आफैं भन्छु । यसपछि निर्देशनमा आएँ ।' उनी 'पिताम्बर' आफ्नो सोचअनुरूप नै बनाउन सकेकोमा सन्तुष्ट छिन् ।

# 'पासिङ' सिन पनि गर्न तयार ऋचा



काठमाडौं/पछिल्लो समय अभिनेत्री ऋचा शर्माको फिल्ममा भूमिका बदलिएको देखिन्छ । उनी एकपछि अर्को फिल्ममा आमाको भूमिकामा देखिरहेकी छिन् । पछिल्लो रिलिज फिल्म 'सारंग' होस् वा आगामी चैत १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'राजागंज', उनी आमाको भूमिकामा छिन् । नयाँ फिल्म 'बलिदान'मा पनि उनले अभिनेता समीर भट्टकी आमाको भूमिकामा अभिनय गरेकी छिन् ।

सोमबार 'राजागंज'को ट्रेलर रिलिज कार्यक्रममा उनलाई पत्रकारले प्रश्न गरे, 'अब मेकरले तपाईंलाई आमाको भूमिकाबाहेक अरुमा नदेखेका हुन् ?' जवाफमा उनले पहिलो फिल्म 'फर्स्ट लभ'मा नै आफूले आमाको भूमिका निर्वाह गरेको स्मरण गरिन् । र, आमाको भूमिका गर्न कुनै समस्या नभएको उनको भनाइ छ । कलाकार भएपछि लिड रोल मात्र गर्न पाइँदैन भन्नेमा पनि ऋचा स्पष्ट छिन् ।

उनी भन्छिन्, 'मैले पहिलो फिल्म 'फर्स्ट लभ'मै आमाको भूमिका निभाएकी थिएँ । 'हाइवे'मा पनि आमाको भूमिका थियो । यसपछि पनि आमाको भूमिका धेरै गरेँ । कलाकारको करिअरमा लिड रोल मात्र गर्न पाइँदैन । त्यसका लागि मानसिक रुपमा तयार हुनुपर्छ । एक समयपछि क्यारेक्टर र सहायक रोल पाइन्छ । त्यसलाई मैले कति न्यायपूर्वक निभाएँ भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण रहन्छ ।'

ऋचा 'पासिङ' सिन मात्रै भए पनि फिल्ममा काम गर्ने बताउँछिन् । उनी भन्छिन्, 'मलाई फिल्म मात्र गर्न आउँछ । त्यसैले फिल्ममा मलाई १० सिन आए पनि, ५ सिन आए पनि, लिड आए पनि, सपोर्टिङ रोल आए पनि, पासिङ मात्रै आए पनि म काम गर्छु । यदि त्यो अर्थपूर्ण छ भने । त्यो सबै टिम र मेकरमा भर पर्ने कुरा हो । यसैले मलाई सपोर्टिङ वा आमाको रोलले कहिल्यै फरकै पारेन ।'

ऋचाको बुझाइमा नेपालमा मेन लिडलाई धेरै 'ग्ल्यामराइज' गरिएको छ । 'जसरी मिडियाहरुले हामीलाई हिरो, हिरोइन र क्यारेक्टर रोल भनेर सम्प्रेषण गर्दै आइरहेको छ, साँच्चै भन्ने हो भने त्यो नेपालबाहेक अन्त कुनै इन्डस्ट्रीमा हुँदैन । हामी मेन लिडहरुलाई धेरै नै 'ग्ल्यामराइज' गर्छौं, जसले गर्दा बाँकी सबै भुल्छौं । जबकि, फिल्म बन्ने भनेको 'टिमवर्क'ले हो, मेन लिडले होइन,' उनले भनिन् ।

ट्रेलर सार्वजनिक कार्यक्रममा 'राजागंज'का निर्देशक दीपक रौनियारले बलिउडले सिकाएको हिरो र हिरोइनको मान्यताबाट बाहिर निस्कनुपर्ने धारणा व्यक्त गरे । उनले भने, 'अहिलेको यो जमानामा हामीले अलि फराकिलो सोच बनाउनुपर्छ । क्यारेक्टर रोल भन्ने हुँदैन । रोल भनेको रोल हो । मुख्य भूमिकामा देख्न छाडेपछि उसलाई सपोर्टिङ भन्ने कुरा भारतले सिकाएको हो, त्यो विर्सनुपर्छ ।'

# सत्ताको आडमा पुनरोदय खोज्दैछन् बालकृष्ण खाँण

काठमाडौं/दुई न्यायाधीश बीच राय बाझिएर तेस्रो न्यायाधीशको राय निर्णायक हुने न्यायिक अभ्यासको दुर्लभ घटनाका कारण थुनामुक्त भएका कांग्रेस नेता बालकृष्ण खाँणले त्यसयता राज्य संयन्त्रबाट श्रृङ्खलावद्ध राजनीतिक संरक्षण पाए । पहिले पुष्पकमल दाहाल र त्यसपछि केपी ओली नेतृत्वका सरकारले उच्च अदालतको आदेशविरुद्ध महान्यायाधिवक्ता कार्यालयलाई सर्वोच्च अदालत जानै दिएनन् । राजनीतिक हस्तक्षेप नभएको भए महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालत जाने थियो र खाँण फेरि थुनामा पर्ने सम्भावना रहन्थ्यो ।

मुलुकका प्रमुख कार्यकारीको ठाडो हस्तक्षेपका कारण महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालत जान नसक्दा उनको हौसला बढ्यो । त्यसमाथि पूर्वगृहमन्त्री खाँण र कांग्रेस समानुपातिक सांसदसमेत रहेकी उनकी श्रीमती मञ्जु खाँणमाथिको सम्पत्ति शुद्धीकरणको अनुसन्धान समेत राजनीतिक हस्तक्षेपले निस्तेज बनाइयो । झन्डै दुई वर्षअघि खाँण दम्पतीको सम्पत्तिमाथि छानबिन हुनुपर्ने भनी पत्राचार भए पनि अख्तियारका पदाधिकारीहरूले अनुसन्धानको काम अघि बढाउन सकेका छैनन् । अनुसन्धान गर्नुपर्ने निकायहरूमा भएको ठाडो राजनीतिक हस्तक्षेपबाट संरक्षण पाएपछि पूर्वमन्त्री खाँण फेरि राजनीतिमा सक्रिय हुन थालेका छन् ।

सात महिना लामो कारागार बसाइपछि पूर्वमन्त्री खाँण २८ मंसिर, २०८० मा उच्च अदालत पाटनको आदेशबाट थुनामुक्त भएका थिए । उस्तै प्रकृतिको आरोपमा एमाले नेता एवं पूर्वमन्त्री टोपबहादुर रायमाझी, पूर्वसचिव टेकनारायण पाण्डे लगायत थुनामा रहँदा उनी ३० लाख रुपैयाँ धरौटीमा छुटेका थिए । करिब १५ महिनाजति निष्क्रिय बसेका खाँणले पछिल्ला दुई/तीन महिनादेखि सक्रियता बढाइरहेका छन् । १ पुसमा उनी तरुण दल चितवनका पूर्वअध्यक्ष शिव पौडेलको स्मृति सभामा सहभागी भए । पार्टीले आयोजना गरेको कार्यक्रममा सहभागी हुन उनी गत महिना दाङ पुगे । २ फागुनमा कांग्रेस सभापति शेरबहादुर देउवाको बुढानीलकण्ठस्थित निवास पुग्ने ११ जना नेतामा खाँण पनि थिए ।

कुनै बेला कांग्रेसमा भावी सभापतिका एक सम्भावित पात्र भनी चर्चा गर्ने गरिएका खाँणलाई पार्टी भित्रबाट पनि विस्तारै मञ्च र अवसर उपलब्ध गराउन थालेको देखिन्छ । केन्द्रीय तहबाट प्रचार विभाग र नीति प्रतिष्ठानले रुपन्देहीमा गरेका दुई कार्यक्रमा आइतबार र सोमबार उनी सहभागी भएका थिए ।

गत आइतबार खाँणलाई पार्टीको केन्द्रीय तहबाटै मञ्च उपलब्ध गराइएको थियो । सूचना, सञ्चार एवं प्रचार विभागले रुपन्देहीमा आयोजना गरेको केन्द्रीय स्तरको कार्यक्रममा वक्ताका रुपमा खाँण सहभागी थिए । सोमबारदेखि भैरहवामा सुरु भएको प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रममा पनि उनी सहभागी थिए । मीन विश्वकर्मा प्रमुख रहेको प्रचार विभागले 'राष्ट्र निर्माणमा युवाको योगदान-तथ्यमा आधारित प्रचार अभियान' विषयक कार्यक्रम राखेको थियो । आफू स्रोताको रुपमा मात्रै उपस्थित हुन चाहे पनि प्रचार विभागले वक्तासमेत बनाएको भन्दै पूर्व गृहमन्त्री खाँणले प्रचार विभाग प्रमुख विश्वकर्मालाई मञ्चबाटै धन्यवाद दिएका थिए ।

संस्थापन इतरका नेता डा. शेखर कोइराला प्रमुख अतिथि रहेको कार्यक्रममा वक्ताका रुपमा खाँणसहित सहमहामन्त्री जीवन परियार, केन्द्रीय सदस्यहरू मीन विश्वकर्मा, पुष्पा भुषाल, डा. मीनेन्द्र रिजाल, नैनसिंह महर, गंगा शाही लगायत थिए ।

**पक्राउपछि गुट परिवर्तन**

पार्टी सभापति शेरबहादुर देउवा गुटको बलियो खम्बाको रुपमा रहेका खाँण नक्कली शरणार्थी प्रकरणमा पक्राउ परेर छुटेपछि विस्तारै डा. शेखर कोइराला गुटतिर ढल्किएका छन् । यो अवधिमा उनीहरूको भेटघाट र निकटता बाक्लिएको छ । कोइरालाले खेलेका केही खास भूमिकाका कारण खाँण उनीतिर ढल्किएको नेताहरू बताउँछन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणको ठगी, कीर्ते र संगठित अपराधको मुद्दामा थुनामा रहेका खाँणलाई भेट्न कांग्रेस नेता कोइराला दुईपटक सुन्धारास्थित कारागार पुगेका थिए । उनलाई भेट डा. शशांक कोइराला, गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला पनि कारागार गएका थिए, तर शेखरसँगको भेट भने सम्बन्ध सुधारको आधार बन्यो ।

कांग्रेसनिकट नेताहरूका अनुसार, त्यतिबेला खाँणले कोइरालालाई विशेष आग्रह गरेर कांग्रेस निकटका कानुन व्यवसायीहरूलाई आफ्नो प्रतिरक्षाका लागि अदालतमा पठाइदिन आग्रह गरेका थिए । नभन्दै डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए)मा आवद्ध कानुन व्यवसायीहरूले मूल मुद्दामा झैं थुनछेककै क्रममा लामो बहस गरेका थिए ।

त्यसयता शुरु भएको उनीहरूबीचको सम्बन्ध सुधार निरन्तर चलिरहेको छ । बुटबलमा आयोजित कार्यक्रममा खाँणले डा. कोइरालालाई साथ दिने संकेत गरेका थिए । 'कहिलेकाहीँ परिपक्व नेता चाहिन्छ । कहिलेकाहीँ गतिशील नेता चाहिन्छ,' उनले भने, 'जसले मुलुक चलाउन सक्छ, उसैलाई मद्दत गर्ने हो ।' रुपन्देही भ्रमणमा रहँदा शेखर कोइराला तिलोत्तमास्थित बालकृष्ण खाँण निवाससमेत पुगेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# *धार्मिक पर्यटकीय गन्तव्यस्थल...*

श्रीगजेन्द्रमोक्ष दिव्य धाममा आउने साधु, सन्त, साधक एवं तीर्थयात्रीका लागि साधना, भोजन, आवासको सहज प्रबन्ध होस् भन्ने ध्येयले साधना हल, धर्मशाला एवं अन्नदान क्षेत्र सञ्चालित छन् । प्रतिदिन करिब १ सय ५० जनासम्म यात्रीहरूका लागि भोजन र आवासको व्यवस्था रहेको छ ।

संस्कृत वाङ्मयको विशाल भण्डारमा प्राचीन ज्ञान, विज्ञान, योग, कला, साहित्य, दर्शन, संस्कृति र समग्र वैदिक इतिहास सुरक्षित छ । श्रीमुक्तिनाथ बाबाज्यूले वि.सं. २०४८ देखि नै संस्कृत गुरुकुलको स्थापना गरी सञ्चालन गर्नुभयो । वि.सं. २०६४ देखि नेपाल सरकार बाट स्वीकृति लिई श्रीमुक्तिनाथ पीठ वेद विद्याश्रम (आवासीय गुरुकुल मा.वि.) नामबाट सञ्चालनमा आयो । हाल १०० जना बटुकहरुले शिक्षा लिइरहेका छन् ।

गाई सुख, शान्ति, समृद्धि प्रदान गर्ने र धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्ने दयाकी मूर्ति हुन् । गोसंरक्षणका लागि श्रद्धेय श्रीमुक्तिनाथ बाबाज्यूले वि.सं. २०५० मा विशाल गोसंरक्षण महायज्ञ सम्पन्न गरी सोही अवसरमा यस गजेन्द्रमोक्ष दिव्य धाममा श्रीगजेन्द्र मोक्ष कामधेनु गौशालाको स्थापना गरी गोसेवा प्रारम्भ गर्नुभयो । हालसम्म गोशालामा १ सय ५० वटा वैदिक गाईहरूको सेवा भइरहेको छ ।

नेपालका प्रकाण्ड विद्वान् योगी नरहरिनाथले मेचीदेखि महाकालीसम्म कोटिहोम लगाउने सिलसिलामा त्रिवेणीमा गएर घना जङ्गल भएको ठाउँमा जङ्गल फडानी गरी वि.सं. २०४० मा कोटिहोम लगाउनुभएको थियो । उहाँका सहयात्री स्वामी प्रपन्नाचार्य हुनुहुन्थ्यो । तीस वर्षको उमेरमा कखरा सिकेका प्रपन्नाचार्य वेदमा विद्यावारिधि गर्ने पहिलो व्यक्ति हुनुहुन्थ्यो । ढिलो पढ्न सिकेकाले स्वामी प्रपन्नाचार्यले खासै समय दिन भ्याउनुहुँदैनथ्यो । कहिलेकाहीँ आउनुहुन्थ्यो । योगी नरहरिनाथले एक महिनासम्म चलेको कोटिहोमको सम्पूर्ण नेतृत्व लिनुभएको थियो । नेपालभरि योगी नरहरिनाथले १ सय ८ भन्दा बढी ठाउँमा कोटिहोम लगाउनुभएको थियो भन्ने कोटिहोम मन्दिरका पुजारी देवी पाण्डेयबाट जानकारी भयो ।

१३ सय वर्षअगाडि गजेन्द्रमोक्ष धाममा हात्ती र गोहीको लडाइँ हुँदा सोही ठाउँमा भगवान् विष्णु विराजमान हुँदा माता लक्ष्मी भने केउलानीमा वृक्षको फेदबाट हेरेर बस्नुभएको थियो । केउलानीमा विराजमान लक्ष्मी माताको परिसर खुल्ला ठाउँमा छ । त्यहाँ मन्दिर बनाई छानो हाल्दा अनिष्ट हुने भएकाले भौतिक संरचना बनाउन पूर्णतया निषेध रहेको केउलानी मन्दिरका पुजारी नारायण अधिकारीबाट जानकारी पाइयो । केउलानी माता, नरदेवी माता, दाउन्नेदेवी माता र चुवाडीदेवी माता यी चार दिदी-बहिनी हुन् । नरदेवी माताको मन्दिर भने भारतमा पर्छ ।

चितवनको माडी नगरपालिका-१ मा पर्ने वाल्मीकि आश्रममा वाल्मीकिले रामायण रचना गरेको मानिन्छ । वाल्मीकि ऋषिले सीतालाई आश्रय दिएका थिए । लव-कुशको जन्म भएको, उनीहरुले शिक्षा लिएको, सीताले प्रयोग गर्ने सिलौटो, तबला रहेको, वाल्मीकि ऋषि अन्तर्ध्यान भएको, सीता माताले पाताल प्रवेश गरेको स्थान यहाँ रहेको छ । भारतबाट बेला-बेलामा आवतजावत गर्न अवरोध खडा भएपछि हाल नेपाल सरकारले यहाँ झलुङ्गे पुल निर्माण गरेको छ ।

यो पौराणिक, ऐतिहासिक एवं धार्मिक पर्यटकीय क्षेत्र हो । स्वर्णभद्रा, पूर्णभद्रा र नारायणीको संगमस्थल त्रिवेणीधाम, माता सीताको विरह भूमि, महर्षि वाल्मीकिले वाल्मीकि रामायण लेखेको स्थान, लव र कुशको जन्मभूमि, केउलानी मन्दिर, स्वयं प्रकट नागस्थान, बालपुरी आश्रम, नागबाबा कुटी, श्रीलक्ष्मी बैंकटेश मन्दिर, लक्ष्मी नारायण मन्दिर, रामजानकी मन्दिर, कोटिहोम शिवालय मन्दिर यहाँका प्रमुख स्थान हुन् । त्यसै गरी भक्तेश्वर मन्दिर, कठवाँ गुफा, विष्णु धाम, गडीगाई र बालपुरी बाबाको जिउँदो समाधि स्थल आदि विभिन्न मठस्थलहरु पनि यहाँ रहेका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'आउट ल' ट्रेलरलाई दर्शकीय प्रतिक्रिया- 'साउथभन्दा कम छैन'

काठमाडौं/करिब एक दशक नेपाली फिल्ममा एक्सन हराएजस्तै देखियो । बनेका एकाध एक्सन फिल्म पनि खासै चल्न सकेनन् । जसले गर्दा अब 'एक्सन युग' सकिएको विश्लेषण भएको थियो । तर, यसपालि फूलपातीमा प्रदर्शन भएको फिल्म '१२ गाउँ'ले मृत्युप्राय: रहेको एक्सन जनरालाई नै पुर्नजीवित गरिदियो । यस फिल्मको अभूतपूर्व सफलतापछि यतिबेला एक्सन फिल्मको लहर सुरु भएको छ ।

अब यही फागुन २९ गते (फागु पूर्णिमा)बाट अर्को एक्सन फिल्म प्रदर्शन हुँदैछ । त्यो हो, 'आउट ल: दफा २१९' । सात महिनाअघि सार्वजनिक भएको टिजरले फिल्मलाई एकाएक चर्चामा ल्याएको थियो । एक्सनप्रधान टिजरले दर्शकमा फिल्मप्रति हुटहुटी जगाउन ठूलै भूमिका खेल्यो । तर, गत असोज ३ गतेबाट फिल्म पोस्टपोन्ड भएपछि टिजरले दर्शकमाझ बनाएको हाइपको कुनै अर्थ रहेन ।

नयाँ प्रदर्शन मिति घोषणापछि गत शुक्रबार फिल्मको ट्रेलर सार्वजनिक गरियो । टिजर झैं ट्रेलरले पनि दर्शकको ध्यान खिचेको छ । युट्युबमा १२ लाख बढी भ्यूज पाइसकेको ट्रेलरलाई उत्साहजनक प्रतिक्रिया मिलेको छ । दुई हजारभन्दा बढी प्रतिक्रियामा तारिफ मात्र देखिन्छ । कतिले हलिउड फिल्मसँग दाँजेका छन् भने कतिले अभिनेता सुशील श्रेष्ठको लुक्स र एक्सनको तारिफ गरेका छन् ।

ट्रेलरको युट्युब कमेन्टमा एक प्रयोगकर्ता लेख्छन्, 'जिउ नै सिरिङ्ग भयो । यो हो नि ट्रेलर भनेको । हलिउड, बलिउड, साउथभन्दा कम लागेन ।' अर्का प्रयोगकर्ताको प्रतिक्रिया छ, 'पहिलो पटक यति दामी नेपाली फिल्मको ट्रेलर हेरियो ।' कतिपयले सुशीललाई अभिनेता समीर भट्टसँग पनि दाँजेका छन् । ट्रेलरलाई प्राप्त प्रतिक्रियाहरू हेर्दा फिल्म हेर्न एकखाले दर्शक अधैर्य रहेको देखिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# अल्लोको कपडालाई व्यवसायिक उत्पादन गर्दै थाहानगरका महिला

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ करिव एक दसक अघिदेखि मकवानपुरको थाहा नगरका महिला स्वरोजगार बन्ने उद्देश्यले अल्लोको कपडा बनाउन थालेका छन् । वनमा जताजतै उपलब्ध हुने अल्लोको पाटबाट कपडा बुन्ने यहाँका स्थानीय महिलाले वार्षिक कार्यतालिका बनाएर काम गरिरहेका हुन् ।

तरकारीको मौसम सकिएपछि महिला वनमा गएर अल्लो ल्याउने, लोक्ता निकाल्ने र लोक्ताबाट धागो बनाएर कपडा बुन्न व्यस्त हुने गरेका छन् । अहिले यहाँका महिला अन्य जिल्लामा अल्लोको लोक्ता निकाल्न र धागोसहित कपडा बुन्न सिकाउन जान थालेका छन् । लामो समयसम्म अल्लोको कपडा बनाउने तालिम लिएर काम गर्दै आएकी थाहानगरकी रेश्मा गोपालीले केही वर्ष अगाडि दामन महिला अल्लो ह्यापडीक्राफ्ट उद्योग दर्ता गरेर समूहमा काम गर्न सुरु गरेको बताइन् ।



तरकारीखेतीका लागि पकेटक्षेत्र मानिने थाहानगरकी गोपालीले जग्गा हुनेका लागि खेतीपाती राम्रो भएपनि जग्गा नहुने वा थोरै हुनेका लागि आम्दानीको स्रोत खोज्न मुश्किल परेको भन्दै व्यावसायिकरुपमा अल्लोको कपडा उत्पादन सुरु गरेको जानकारी दिइन् । गोपालीले आफ्नो सबै ऊर्जा अल्लोको कपडा उत्पादनमा लगाउने कोसिसमा रहेको जनाउँदै सुरुवाती दिनमा निकै संघर्ष गर्नुपरेको अनुभव सुनाइन् । उनले भनिन्, 'खेती गर्न धेरै जग्गा छैन । जागिर पनि भनेजस्तो नपाउने भएपछि वनमा पाइने सिस्नो जस्तै देखिने अल्लोको पाटबाट कपडा बनाएर बेच्ने सपना देखेँसँगै मैले यसको तालिम लिएको थिएँ ।' उनका अनुसार साथ र सहयोग प्राप्त भएमा स्थानीय अल्लोलाई एउटा उचाइमा लैजाने योजना छ ।

'सिस्नो खाएको र स्वास्थ्यका लागि फाइदा हुने कुरा प्राय:सबैलाई थाहा छ तर, सिस्नोबाट कपडा बनाएर लगाउँदा पनि फाइदा हुन्छ भन्ने धेरैलाई थाहा नहुनसक्छ । वनमा छ्याप्पछ्याप्ती पाइने सिस्नो प्रजातिको अल्लोबाट कपडा बनाउने व्यावसाय सुरु गरेका छौँ । लुगामात्र होइन यसबाट बनेको मोजा र जुत्ता समेत लगाउन पाइन्छ', गोपालीले भनिन् । स्थानीय कोपिला गोपालीले पनि स्वरोजगारका लागि समूहमा बसेर अल्लोको कपडा उत्पादनमा लागेको बताइन् । उनको समूह यतिबेला यसक्षेत्रको जंगलमा पाइने अल्लो टिप्न, चुट्न, पाट बनाउन अनि कपडा बुन्न व्यस्त छ । वर्षमा तीन महिना खेतीपाती र बाँकी समय कपडा बुन्नमा खर्चिने उनको भनाइ छ ।

कोपिलाकाअनुसार तीन किलो धागोको दशदेखि बाह्र मिटर सम्म तयारी कपडा हुन्छ । बढ्दो बजारको मागसँगै यसको उत्पादन पुर्‍याउन अझ बढी मेहनत गर्नुपर्ने उनको भनाइ छ । अहिले मागबमोजिमको उत्पादनका लागि जनशक्ति कम रहेको कोपिलाले बताइन् । उनले भनिन्, 'कपडा बनाउन जति सजिलो छ धागो कात्न कठिन छ, अल्लोबाट धागो बनाउन जंगलबाट काँचो लाथ्रा ल्याउनुपर्छ ।' पाट निकालेपछि सुकाएर ठूलो फलामे कराइमा पकाउने र त्यसपछि फेरि कमेरो माटोमा चोपेर सुकेको पाट खोलामा लगेर दोहोर्‍याएर चुट्नुपर्ने उनले जानकारी दिइन् । 'यसपछि मात्र धागोको कच्चापदार्थ तयार हुन्छ । त्यसैलाई चर्खाको सहायताले धागो निकालिन्छ', उनले भनिन् ।

विसं २०६६ देखि उद्योग दर्ता गरेर समूहमा आवद्ध भएका महिलाले सञ्चालन गर्दै आएको यो उद्योग हाल स्थानीय सरकार र ग्रिन फाउण्डेशन नेपाल नामक संस्थाको सहकार्यमा उद्यम विकास स्तरोन्नति भइरहेको थाहा-३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीले जानकारी दिए । रायमाझीका अनुसार अब उद्योगमा उत्पादन बढाउनका लागि थप तालिम र भौतिक सहयोगसमेत गर्ने योजना छ । समूहले ऋषेश्वर सामुदायिक वनमा पाइने अल्लोलाई प्रशोधन गरेर रेशा निकाली बजारमा रुचाइने आकर्षक डिजाइनमा तयार पारिएको कपडा विदेशीका लागि कोसेलीदेखि लिएर मेला, महोत्सवमा प्रदर्शनमा राखिने रायमाझीले बताए ।

करिब १५ वर्ष अगाडिसम्म वनमा जताततै पाइने अल्लोबाट कपडा बन्ला भनेरे कहिल्यै नसोचको वडाअध्यक्ष रायमाझीको भनाइ छ । ऋषेश्वर सामुदायिक वनको सक्रियतामा समूहका महिलाले अल्लोबाट कपडा बुन्ने सीप पाएका हुन् । सबैको सहयोगमा नमुना उत्पादन थालेका महिलाले अहिले व्यावसायिकरुपमा कपडा उत्पादन गरिरहेका छन् । वनमा आधारित उद्यम विकासका लागि लागिरहेको संस्था ग्रिन फाउण्डेशन नेपालले उद्यमको स्तरीकरण र बजारीकरणमा सहयोग गरिरहेको संस्थाकी कोषाध्यक्ष आरती पाठकले जानकारी दिइन् ।

पाठकले भनिन्, 'हामीले महिलालाई क्षमता विकासको तालिम मात्र दिएर विकास नहुने रहेछ । यसका लागि आर्थिक अवस्था सुधार गर्न आवश्यक देखियो, त्यसैले महिलालाई उद्यम विकासको अभियान चलाएका हौँ ।' वनमा आधारित उद्यमबाट महिलालाई उद्यमी बनाउन निरन्तर प्रयार गरि रहेको संस्थाकी कोषाध्यक्ष पाठकले जानकारी दिइन् । यसका लागि आर्थिक स्रोत र इच्छाशक्तिको आवश्यकता पर्ने उनले जोड दिइन् । उनले मकवानपुरमा वनमा आधारित छ वटा उद्यमका लागि प्रत्यक्ष र ३७ वटा उद्यमका लागि अप्रत्यक्ष रुपमा सहयोग गरिरहेको जानकारी दिइन् ।

अल्लोको कपडा उत्पादनले थाहाका स्थानीय महिला स्वरोजगार बन्नुका साथै आम्दानी पनि बढाइरहेका छन् । औद्योगिक व्यापार मेला, पर्यटकीयक्षेत्रका पसल तथा स्थानीय क्षेत्रमा अल्लोको कपडाको राम्रो बजार छ । स्थानीय क्षेत्रमा पनि यसको माग बढ्दो छ । महिलाले अल्लोको धागो कात्ने, कपडा बुन्ने, 'मनिपर्स' बनाउने, महिला तथा पुरुषले बोक्ने झोला, स्टकोटलगायत सामग्री सिलाउँछन् । दामन घुम्न आउनेले अल्लोको समान चिनोका रुपमा लैजाने गरेका महिला उद्यमी बताउँछन् । सिस्नो प्रजातिको अल्लोको कपडाले छाला रोगलाई फाइदा गर्नुका साथै न्यानो प्रदान गर्ने बिज्ञको भनाइ छ ।

# 'डँढेलोबाट वन जोगाउन उपभोक्ता सक्रियता आवश्यक'



साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ वन जंगलमा डंढेलो लाग्नबाट जोगाउन सबै उपभोक्ताहरु सक्रिय हुनुपर्ने हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाले जोड दिएका छन् ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरको आयोजनामा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी र सदस्यहरुको लागि डंढेलो नियन्त्रणसम्बन्धी तालिम उद्घाटन गर्दै प्रमुख लामाले वन जोगाउने काम सबै उपभोक्ताको भएको बताए ।

महासंघ जिल्ला उपाध्यक्ष ठूलीमाया मुक्तानको सभाध्यक्षता रहेको कार्यक्रममा हेटौंडा १ नं. वडा अध्यक्ष सविन न्यौपानेले गर्मी मौसम सुरु भएसंगै वन डंढेलोको प्रकोप बढ्ने गरेको तर वन समूहका पदाधिकारीको जिम्मेवारी जस्तो गरेर उपभोक्ता सक्रिय नहुँदा वन नाश हुने गरेकोमा चिन्ता व्यक्त गरे । उनले वनमा सकेसम्म आगो लाग्नै नदिने यदि लागिहाले तत्काल सबै उपभोक्ता मिलेर निभाउनु पर्नेमा जोड दिए ।

हेटौंडा- १, २ र ५ का सामुदायिक वनका पदाधिकारी तथा सदस्य सहभागी कार्यक्रममा महासंघ केन्द्रीय सदस्य रामहरि चौलागाईं, सचिव निर्मला न्यौपाने, डिभिजन वन कार्यालयका वन अधिकृत बसन्तराज गौतम, वन डंढेलो नियन्त्रण विज्ञ बुद्धिप्रसाद पौडेललगायतले मन्तव्य तथा सहजीकरण गरेका थिए ।

# हेटौंडा अस्पतालमा मुटु रोग सम्बन्धी सेवा विस्तारको तयारी




साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअर्न्तगतको हेटौंडा अस्पतालले मुटु रोगसम्बन्धी सेवा विस्तारको तयारी गरेको छ ।

अस्पतालले आगामी आइतबारदेखि मुटुरोग उपचार सम्बन्धी सेवा दिने तयारी गरेको हो । संघीय स्वास्थ्य मन्त्रालयको सहयोगमा टिचिङ कार्डियो मनमोहन भास्कुलरमा अध्ययन गरेका मुटुरोग विशेषज्ञ डा. विकेश श्रेष्ठबाट दैनिक रुपमा सेवाप्रवाह हुने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रामचन्द्र सापकोटाले जानकारी दिएका छन् ।

अस्पतालमा मुटुरोग विशेषज्ञ डाक्टर नहुँदा रोटरी क्लव हेटौडाले दिएको उपकारण प्रयोगमा आउन सकेको थिएन । मुटुसम्बन्धी उपचारका लागि मकवानपुरबासी चितवन काठमाडौंलगायत स्थानमा जानुपर्ने अवस्था रहेको थियो । अप्रेशन बाहेकका सबै मुटुको उपचार सेवा इको, टीएमटी जस्ता परीक्षण हेटौंडाबाटै हुने मेडिकल सुपरिटेन्डेन्ट डा.सापकोटाले बताए । लामो समयदेखि प्रयास गर्दा पनि अस्पतालमा मुटुरोगसम्बन्धी सेवा सुरु गर्न कठिन थियो । विषेशगरी अस्पतालमा विशेषज्ञ डाक्टर नहुँदा सेवा सञ्चालनमा बाधा पुगेको थियो ।

अस्पतालमा यो सेवा थप भएसँगै मुटुसम्बन्धी स्वास्थ्य समस्या हुँदा भरतपुर तथा काठमाडौं जानुपर्ने बाध्यता अन्त्य भएको मेसु सापकोटाले बताए । उपमहानगरपालिकासँगको साझेदारीमा रोटरी क्लब अफ हेटौंडाले अस्पताललाई एक वर्षअघि ८० लाख रुपैयाँ मूल्य बराबरको मुटुपरीक्षण उपकरण उपलब्ध गराएको थियो ।

# राप्रपा नेपालको मोटरसाइकल र्‍याली

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले हेटौंडामा बृहत मोटरसाइकल र्‍याली निकालेको छ । संसदमा पूर्वराजा ज्ञानेन्द्रविरुद्ध अपशब्दको प्रयोग गर्ने नेताहरुको विरुद्धमा बृहत मोटर साइकल र्‍याली आयोजना गरिएको जनाइएको छ ।

पार्टी कार्यालयबाट सुरु भएको मोटरसाइकल र्‍याली सानोपोखरा, ओमभवन, शीतलमहल चोक, बसपार्क, एसपी कार्यालय र लोकप्रियचोक हुँदै सीमाचोकमा कोणसभामा परिणत भएको थियो । राप्रपा हेटौंडा नगरअध्यक्ष अरुण लामाले देशको अवस्था बदल्न, व्यवस्था बदल्न राप्रपाले र्‍याली निकालेको बताए । उनले देशका आमजनता देशको व्यवस्थाप्रति आहत भएकाले अहिलेको व्यवस्था बदल्न जनता सडकमा आएको बताए । 'जनता अब आहात भइसकेका छन्' उनले भने ।

उनले भने, 'देशले परिवर्तन खोजेको छ । देशले यो व्यवस्था धरासायी भयो भनेर व्यवस्था बदल्न खोजेको हो । संघीयता खारेज गर्नुपर्छ भनेर आवाज उठेको छ ।' उनले देशभित्रका बेथिति चिर्नको लागि राष्ट्रिय प्रजातन्त्र पार्टीले राजा ज्ञानेन्द्रको पुन:वहालीका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम गर्दै आएको बताए । राप्रपा महिला संगठन केन्द्रीय सचिव सरस्वती थिङले अहिले राज्यले गरेका गतिविधिको बारेमा सजग गराउन र आमनागरिकलाई देशमा भइरहेको विकृति, विसंगति र अराजकता चिर्न र्‍याली निकालिएको बताइन् । उनले हिन्दुराष्ट्र, राजसंस्था पुनर्स्थापना, भष्ट्राचार नियन्त्रण नभएसम्म राप्रपाका आन्दोलनका कार्यक्रम यथावत रहने बताइन् ।

# हेटौंडामा 'म्युजिक फर कज' कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, २० फागुन/ हेटौंडामा 'म्युजिक फर कज' कार्यक्रमको आयोजना हुने भएको छ । यही फागुन २४ गते शनिबार हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा कार्यक्रमको आयोजना गर्न लागिएको हो ।

मिस्टर नेपाल २०२४ का सेकेन्ड रनरअप भएका मकवानपुरका आयुष बम्जनको अगुवाईमा कार्यक्रम हुन लागेको हो । मंगलबार पत्रकार सम्मेलन गर्दै कार्यक्रमको बारेमा जानकारी गराइएको हो ।

मानसिक स्वास्थ्यका विषयमा सचेतना फैलाउँदै संगीतको माध्यमबाट स्रोतालाई आनन्दित बनाउन कार्यक्रम गर्न लागिएको बम्जनले बताए । कार्यक्रममा सयजना बाद्यवादकले सामूहिकरुपमा प्रस्तुती दिनेछन् ।




कार्यक्रमबाट पैसा कमाउने उद्देश्य नरहेको प्रष्ट पार्दै बम्जनले बचेको रकम हेटौंडा-१५ मा रहेको बृद्धाश्रमलाई सहयोग गरिने जानकारी दिए । कार्यक्रममा सहभागी हुने बाद्यवादकसँग नै २ सयका दरले रकम संकलन गरिएको छ । हेटौंडा बाहिरबाट समेत १८ जना बाद्यबादक कार्यक्रममा सहभागी हुनेछन् । कार्यक्रममा सहभागी हुन चाहनेका लागि निशुल्क प्रवेशको व्यवस्था रहेको आयोजकले जानकारी दिएको छ । आयोजक टिममा सामुयल भोलन, निश्चल मानन्धर लगायत रहेका छन् ।

# नागढुंगा सुरुङ मार्ग निर्माणमा स्थानीयको अवरोध हट्यो



काठमाडौं/नागढुंगा सुरुङ मार्गको अवरोध हटेको छ । धादिङको धुनीवेशी नगरपालिकाको एक जनाको घरमा क्षति पुगेको भन्दै स्थानीयले अवरोध गरेपछि सोमबार बिहानदेखि काम रोकिएको थियो ।

'उहाँहरूलाई सडक विभाग मार्फत छलफल गरेर आवश्यक निर्णय गर्ने भन्दै सहमति गरेका छौं । सोही अनुसार अब अवरोध हटेको छ,' नागढुङ्गा सुरुङ मार्ग आयोजनाका सीडीई सञ्जय पन्थले संचारकर्मीसँग भने । अवरोध हटेसँगै काम सुचारु हुने उनले बताए ।

नागढुंगा सुरुङमार्ग आयोजनाको भौतिक प्रगति ८६ प्रतिशत बढी पुगेको छ । पन्थीका अनुसार अन्डरपास, बक्स कल्भर्ट र ओभरपास निर्माणको काम समेत सम्पन्न भइसकेको छ । आयोजना अन्तर्गत तीन वटा पुल बनिसकेका छन् । अब फ्लाईओभरको काम जारी छ । फ्लाईओभरको काम ९५ प्रतिशत निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**

☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१।११।२० मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक: सिताराम अच्छामी र राम कुमार अच्छामी (छोरा)* *जग्गावाला: लट्ट बहादुर अच्छामी (बुबा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ७ का निम्नानुसारको जग्गा हाम्रो बुवा लट्ट बहादुर अच्छामीको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो बुवा लट्ट बहादुर अच्छामीको मिति २०३५/०३/०५ मा मृत्यु भईसकेकोमा निजको हक खाने निजकी एक मात्र पत्नि मिठु माया अच्छामी भएकोमा निजको पनि मिति २०३५/११/२३ मा मृत्यु भईसकेको र निजहरुको हकखाने निजहरुबाट जायजन्म भएका दुई छोराहरु जेठा सिताराम अच्छामी र कान्छो राम कुमार अच्छामी र २ जना छोरीहरु भएकोमा दुवै छोरीहरुको विवहादान भईसकेकोले निज जग्गावालाको हक खाने हकदारहरु हामी दुई भाइ सिताराम अच्छामी र राम कुमार अच्छामी मात्र भएकोले हाम्रो नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. ४०४६ मिति २०८०/१२/२१ को छुट जग्गा दर्ता सम्बन्धी हकभोग खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, ५ नम्बर, ७ नम्बर अनुसुचि, फिल्डबुक उतार तथा मृत्यु दर्ताहरु समेत संलग्न राखी यस कार्यालयमा द.नं. ५० मिति २०८१/०१/१८ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित जग्गा निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुर बाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/निवेदक | |
| १. | लट्ट बहादुर अच्छामी पं. हटिया वडा नं.-७ बाबु- जुठे बाजे | हटिया | ७ | ५३९ | ०-९-११.५ | प्रसनी माया लोप्चन | जिल्ला मकवानपुर, प्रगन्ना खेश्रा, ५६ नं. मौजे-गोठ दमार, रै.नं. १० को जग्गाधनी लट्टे अच्छामी माफी । |

*इति संवत २०८१ साल फागुन महिनाको १५ गते रोज ५ शुभम् ................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना